१२ साउन २०८२

# अन्तरपार्टी निर्देशन–१२

२०८२ साउन ५ र ६ मा केन्द्रीय कमिटीको नवौं बैठक पार्टी केन्द्रीय कार्यालय च्यासल, ललितपुरमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा सम्पन्न भएको छ । सातबुँदे सहमतिका आधारमा बनेको संयुक्त सरकारले हरेक महिनाजसो चलाइने सरकार परिवर्तनको हल्लालाई निरर्थक तुल्याउँदै सफलतापूर्वक एकवर्ष पुरा गरेको छ । संयुक्त सरकारले सुशासन, सेवाप्रवाह र आर्थिक सुधारमा जोड दिँदै एकवर्षे कार्यकाल पुरा गरेको समयमा पार्टीको नवौं केन्द्रीय कमिटीको बैठक सम्पन्न भएको छ । बैठक भदौ २०–२२ मा ललितपुरको गोदावरीमा आयोजना हुने दोस्रो विधान महाधिवेशनको तयारीमा केन्द्रित रह्यो । केन्द्रीय कमिटीको नवौं बैठक बस्नुपूर्व साउन १ गते केन्द्रीय सचिवालय र २ र ३ गते पोलिटब्युरो बैठक बसेको थियो । दुवै बैठकमा विधान संशोधन प्रस्तावमा छलफल गरी केन्द्रीय कमिटीका लागि सर्वसम्मत रूपमा प्रस्ताव तयार गरिएको थियो । अन्तरपार्टी निर्देशन- ११ जारी भएपश्चात् पोलिटब्युरोका १ र केन्द्रीय सचिवालयका १० वटा बैठकहरू समेत सम्पन्न भएका छन् । त्यसयता बसेका केन्द्रीय कमिटी, पोलिटब्युरो र केन्द्रीय सचिवालय बैठकले लिएका महत्वपूर्ण निर्णयहरू जानकारी तथा कार्यान्वयनका लागि अन्तरपार्टी निर्देशन- १२ जारी गरिएको छ ।

### १. अध्यक्षको सम्बोधन र दिशानिर्देश

केन्द्रीय कमिटीको नवौं बैठकमा पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीले पार्टीको विधान महाधिवेशनमा प्रस्तुत गरिने राजनीतिक प्रतिवेदनको अन्तरवस्तुमा आधारित रहेर मन्तव्य राख्नुभयो । विधान महाधिवेशन र त्यसको महत्वका बारेमा चर्चा गर्नुभयो । पार्टी जीवनको लोकतान्त्रिकरणको मर्म र भावनालाई समग्रता वुझ्नु पर्ने धारणा राख्नु भयो । पार्टी केन्द्रीय कमिटीको बैठक आयोजना हुनुपूर्व विधान महाधिवेशनको तयारीका सन्दर्भमा पार्टीको केन्द्रीय सचिवालय र पोलिटब्युरो बैठकमा खुलाखुलस्त छलफल भएर सहमतिका साथ तयार गरिएको विधान संशोधन प्रस्ताव केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गरिने जानकारी गराउनुभयो । पार्टीको मुल नीति र राजनीतिक कार्यदिशामा खासै परिवर्तन गर्नुपर्ने अवस्था नभएका कारणले राजनीतिक प्रतिवेदन र संगठनात्मक प्रस्ताव विधान महाधिवेशनमा प्रस्तुत गरिने जानकारी गराउनुभयो । महाधिवेशनका समयमा सिंगो पाटीपंक्ति पार्टी हितलाई केन्द्रबिन्दूमा राखेर नीति र विधि निर्माणमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।

यतिबेला पार्टी अध्यक्षको नेतृत्वमा संयुक्त सरकार गठन भएको एक वर्ष पुरा भएको छ । सरकारले यस अवधिमा सुशासन र सेवा प्रवाहमा सुधार गर्ने गरी कानूनी र संरचनागत सुधारका क्षेत्रमा महत्वपूर्ण काम गरेको छ । शासकीय सुधारको कामलाई तीव्रता दिने गरी प्रधानमन्त्रीको अध्यक्षतामा सुशासन आयोग गठन

भई काम सुरू भएको छ । संकटग्रस्त बनेको अर्थतन्त्रलाई लयमा फर्काउन महत्वपूर्ण पहलहरू भएका छन् । एकवर्षको अवधिमा अर्थतन्त्रका सूचकहरूमा उल्लेखनीय सुधार देखिएका छन् । गत वर्षको तुलनामा राजश्वमा उल्लेख्य बृद्धि भएको छ । व्यापार-व्यवसायमा अनुकूल अवस्था सिर्जना भएको छ । गत वर्षको तुलनामा निर्यात व्यापार ८१ प्रतिशतले बृद्धि भएको छ । सोधनान्तर स्थिति उल्लेख्य बचतमा छ । एक वर्षमा झन्डै ४ खर्बले जीडीपीमा बृद्धि भएको छ । विदेशी मुद्राको संचिति १४ महिनाको खर्च धान्ने अवस्थामा छ । हामी सरकारबाट हटेसँगै अवरूद्ध बन्न पुगेका विकास निर्माणका कामले गति लिन थालेका छन् । जनतामा बढ्दै गएको निराशा क्रमशः चिरिदै गएको छ । सरकारको योजनाबद्ध पहलका कारणले निजी क्षेत्र आशावादी बन्न पुगेको छ । पार्टीको नेतृत्वको सरकारबाट उपलब्धिहरूलाई आम जनताका बीचमा स्थापित गरिनु पर्दछ ।

पछिल्लो समयमा हाम्रो पार्टी र नेतृत्वका विरूद्धमा सुनियोजित रूपमा हमला भइरहेको छ । यस्तो किन भइरहेको छ ? भन्ने कुरा पार्टीपंक्तिले बुझ्नुपर्दछ र त्यसको सशक्त प्रतिवाद गर्नुपर्दछ । यतिबेला हाम्रा विरूद्धमा चार प्रकारका शक्तिहरू केन्द्रित भएर कूप्रचारमा लागेका छन् । उनीहरू गोयवल्स शैलीमा आम संचारमाध्यम र सामाजिक सञ्जाललाई हाम्रा विरूद्धमा दुरूपयोग गरिरहेका छन् । हाम्रा विरूद्धको कूप्रचारमा रहेको पहिलो शक्ति हो- हाम्रो देशभक्तिपूर्ण अडान र भूमिका मन नपराउने शक्ति । जो आफ्नो प्रभुत्व र स्वार्थका लागि नेपालमा देशभक्त पार्टी र नेतृत्वलाई कमजोर बनाउन चाहन्छ । त्यसका लागि उसले आफ्नो प्रभावलाई हाम्रा विरूद्धमा परिचालित गरेको देखिन्छ । पार्टीले त्यसप्रकारको हमलाको सुरूदेखि नै प्रतिवाद गरेर नै पार्टीलाई यहाँसम्म ल्याउन सफल भएको हो । दोस्रो, नेपालमा राजसंस्था पुनःस्थापनाको सपना देखेका प्रतिगामी र प्रतिक्रियावादी शक्तिहरू । उनीहरू हाम्रा कारणले उनीहरूको चाहना पुरा नभएका ठान्दछन् र हाम्रा विरूद्धमा केन्द्रित छन् । तेस्रो, नेकपा (एमाले) नेपालको वामपन्थी आन्दोलनको मुख्य शक्ति बनेको र हाम्रा कारणले उनीहरूको सत्ता राजनीतिको 'म्याजिक नम्बर' औचित्यहीन बनेको र भूमिका खोसिएको ठानेर विछिप्त छन् । उनीहरू हाम्रा विरूद्धमा अराजनीतिक र अपराधिक तरिकाबाट छद्मरूपमा हमला गरिरहेका छन् । चौथो, नयाँ वैकल्पिक शक्ति निर्माणको आकांक्षा बोकेका शक्तिहरू । उनीहरू लोकप्रियतावाद र अराजकतावादको सहारा लिएर अघि बढ्न खोजिरहेका छन् । उनीहरू आफ्नो उद्देश्य पुरा गर्नका लागि नेकपा (एमाले)ले बाधा पुऱ्याउने ठानेर हाम्रा विरूद्धको कूप्रचारमा केन्द्रित छन् । नीतिविहीन लोकप्रियतावाद र अराजकतावादले नेपाली समाजमा पुऱ्याउनसक्ने क्षतिका बारेमा हाम्रो पार्टी सचेत र स्पष्ट छ । पार्टी र नेतृत्वका विरूद्धमा रहेका यसप्रकारका शक्तिहरूले गरिरहेको षडयन्त्रपूर्ण र नियोजित हमलाको सिंगो पार्टीपंक्तिले दृढतापूर्वक प्रतिवाद गर्नुपर्दछ । गलत प्रवृत्तिको सशक्त प्रतिरोधबाट नै हामीले 'मिसन ८४' का लागि अनुकूल आधार तयार पार्न सक्दछौं ।

विधान महाधिवेशनको पूर्वसन्ध्यामा दुई कार्यकाल र ७० वर्ष उमेर हदको विषयलाई लिएर पार्टीको मुख्य नेतृत्वलाई विवादित र कमजोर बनाउने उद्देश्यका साथ नियोजित रूपमा बहसमा ल्याउने काम भयो । दुई

कार्यकालको विषय पार्टीको दशौं राष्ट्रिय महाधिवेशनमा केन्द्रीय कमिटीको प्रस्तावमा सर्वसम्मत रूपमा हटाइएको थियो । ७० वर्ष उमेर हदको विषय पार्टी प्रवेशको व्यवस्थापनका लागि केन्द्रीय कमिटीको पाँचौ बैठकको सर्वसम्मत निर्णयबाट स्थगन गरिएको थियो । निर्णय प्रक्रियामा सहभागी जिम्मेवार नेताहरूबाट आफै संलग्न भएको विषयमा तथ्यहीन र भ्रमपूर्ण विचार सम्प्रेषण हुनु दुःखद पक्ष हो । जहाँसम्म विधानको कभर छपाइमा भएको सामान्य कमजोरीलाई आधार बनाएर विधानमा नै सुनियोजित रूपमा हेराफेरी गरिएको जस्तो गरी कूप्रचार गरिनु चरम अराजकताको नमूना हो । यस्ता भ्रमपूर्ण कुराप्रति सिंगो पार्टीपंक्ति सचेत र सजग हुनुपर्दछ । पार्टी र नेतृत्वलाई कमजोर बनाउन पार्टीविरोधी शक्तिले सुनियोजित रूपमा हमला गरिरहेको बेलामा सिंगो पार्टीपंक्ति एकताबद्ध रूपमा प्रस्तुत हुनु पर्दछ ।

पछिल्लो समयमा सम्माननीय पूर्व राष्ट्रपतिका नाममा पार्टी एकतालाई कमजोर बनाउने गरी सुरू भएको बहस र विवादलाई केन्द्रीय कमिटीको नवौं बैठकले उपयुक्त निर्णय गरी समाधान गरेको छ । अब उक्त विषयमा थप छलफल र बहस गरेर सम्माननीय पूर्व राष्ट्रपतिको गौरव, प्रतिष्ठा र सम्मानमा आँच आउने काम कसैले पनि गर्नु हुँदैन ।

## २. विधान महाधिवेशनको तयारी

२०८२ भदौ २०-२२ मा ललितपुरको गोदावरीमा हुने दोस्रो विधान अधिवेशनको तयारीका सन्दर्भमा साउन ११ मा बसेको केन्द्रीय सचिवालयको ५३औं बैठकले निम्न अनुसारको निर्णय गरेको छः

क) महाधिवेशन स्थलः सनराइज हल गोदावरी, ललितपुर । हलको बुकिङ्गलगायत आवश्यक तयारीको काम केन्द्रीय कार्यालयले तत्काल गर्ने । (उक्त कार्य सम्पन्न भइसकेको छ ।)

ख) दस्तावेजको तयारीः महाधिवेशनमा प्रस्तुत गर्ने तीनवटा मुल दस्तावेजको तयारीको नेतृत्व निम्न अनुसार गर्ने ।

- राजनीतिक प्रतिवेदनः अध्यक्ष कमरेड केपी शर्मा ओली
- विधान संशोधन प्रस्तावः उपाध्यक्ष कमरेड विष्णुप्रसाद पौडेल
- संगठनात्मक प्रस्तावः महासचिव कमरेड शंकर पोखरेल

दस्तावेजको तयारीमा नेतृत्व गर्ने कमरेडहरूले नै सचिवालय, स्थायी कमिटीलगायतका कमिटीहरूमा रहनुभएका पार्टी नेता र विज्ञहरूसँग आवश्यकताअनुसार परामर्श गर्ने ।

ग) अन्य लजिस्टिक तयारी तथा व्यवस्थापनको कामः लजिस्टिक (स्टेसनरी, फोल्डर, खाना, आवास, यातायात, महाधिवेशन शुल्क, आदि) र अन्य व्यवस्थापकीय तयारीको काम केन्द्रीय कार्यालयले गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

### ३. विधान संशोधन प्रस्तावः

विधानको धारा ८९(२) को व्यवस्था अनुसार केन्द्रीय कमिटीले विधान महाधिवेशन सुरू हुनुभन्दा एक महिनाअगावै मातहतका कमिटी र सदस्यहरूसमक्ष विधान संशोधनसम्बन्धी प्रस्ताव छलफलका लागि पठाउनुपर्ने व्यवस्था भएअनुसार संशोधन प्रस्ताव तयार गर्ने प्रयोजनका लागि केन्द्रीय सचिवालयको बैठक २०८२ साउन १ मा बस्यो । उक्त बैठकमा उपाध्यक्ष कमरेड विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको विधान संशोधन प्रस्तावमा सघन छलफल गरी आवश्यक परिमार्जन गर्दै पोलिटब्युरो बैठकमा सर्वसम्मत रूपमा उक्त प्रस्ताव लैजाने निर्णय गऱ्यो । लगतै साउन २ र ३ गते बसेको पोलिटब्युरोको बैठकले सचिवालयका तर्फबाट प्रस्तुत प्रस्तावमा छलफल गरी सर्वसम्मत रूपमा केन्द्रीय कमिटीको बैठकमा छलफलका लागि प्रस्तुत गर्ने निर्णय गऱ्यो । साउन ५ र ६ गते बसेको केन्द्रीय कमिटीको बैठकमा पोलिटब्युरोको तर्फबाट उपाध्यक्ष कमरेड विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तावमा सघन छलफल गरी विधानको व्यवस्थाअनुरूप मातहतका कमिटीमा छलफलका लागि पठाउने सर्वसम्मत निर्णय गरेको छ । जनताको बहुदलीय जनवादको प्रतिस्पर्धा, पहलकदमीका आधारमा श्रेष्ठता हासिल गर्ने दृष्टिकोणमा आधारित रहेर आन्तरिक लोकतन्त्रलाई फराकिलो बनाउने गरी विधान संशोधन प्रस्ताव तयार गरिएको छ । केन्द्रीय कमिटीको बैठकबाट पारित उक्त विधान संशोधन प्रस्तावमा मातहतका कमिटी र सदस्यहरूले आफ्नो सुझाव लिखितरूपमा भदौ १० सम्म पार्टी केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पठाउनु पर्नेछ । यसरी प्राप्त सुझावहरू उपर विधान महाधिवेशनपूर्व बस्ने केन्द्रीय कमिटीमा छलफल गरी आवश्यक निर्णय लिइनेछ । केन्द्रीय कमिटीको नवौं बैठकबाट पारित विधान संशोधन प्रस्ताव अनुसूची- १ मा समावेश छ ।

### ४. संगठनात्मक कामको अवस्था

केन्द्रीय कमिटीको नवौं बैठकसमक्ष महासचिव कमरेड शंकर पोखरेलले संगठनात्मक कामको संक्षिप्तरूपमा जानकारी गराउनुभएको थियो । त्यसमा केन्द्रीय तहका बैठकहरू, पार्टी सदस्यता नवीकरण र विस्तारको अवस्था, मातहत कमिटीका अधिवेशनहरूको आयोजनाको अवस्था, केन्द्रीय कमिटीको निर्णयअनुरूप सञ्चालित अभियानहरूको प्रभाव, केन्द्रीय कमिटीले तयार गरेको वार्षिक कार्ययोजना र कार्यविभाजनको कार्यान्वयनको अवस्था, विभागीय कामका अवस्था, पार्टीसम्बद्ध जनसंगठनहरूको काम, उपनिर्वाचन र त्यसको परिणाम, प्रवासको काम, कार्यालय व्यवस्थापन र परिचालनको अवस्था, जनप्रतिनिधिमूलक निकायको काम, पार्टी प्रवेश र पार्टीका अगुवा कार्यकर्ताको व्यवस्थापनको समस्या, साझा संघ-संस्थामा पार्टीको उपस्थिति र नेतृत्वको अवस्था, भर्चुअल माध्यमबाट पार्टी कामको विस्तार र पार्टीमा रिपोर्टिङको अवस्थाजस्ता विषयहरू संक्षिप्तरूपमा समावेश गरिएका छन् । समग्रतामा पार्टीको संगठनात्मक जीवन पहिलेको तुलनामा व्यवस्थित हुँदै गएको देखिन्छ । पार्टीका बैठक, कार्यक्रम र अभियानहरूमा कार्यकर्ताको सहभागितामा बृद्धि हुँदै गएको छ । तर, पार्टीको योजनाअनुरूप अझै पनि पार्टी कामलाई आधारभूत तहमा र जनसंगठनका

कामलाई समुदायकेन्द्रित गर्न सकिएको छैन । नेपाली समुदायको बढ्दो उपस्थितिको सापेक्षतामा प्रवासको कामलाई अझै विस्तार गर्न सकिएको छैन । पार्टी निर्माणमा पार्टी नेतृत्व र कार्यकर्ताको स्वपरिचालनको अवस्थामा थप सुधार ल्याउनुपर्ने अवस्था देखिन्छ । पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन तथा 'मिसन ८४' सफल बनाउनका लागि पार्टीको संगठनात्मक कामलाई थप सुधार गर्नु आवश्यक छ । पार्टीको संगठनात्मक कामको विश्लेषणका आधारमा पार्टीको विधान महाधिवेशनमा प्रस्तुत गरिने संगठनात्मक रिपोर्ट तयार गरिनेछ । संगठनात्मक काममा सामान्य जानकारी अनुसूची- २ मा उपलब्ध छ ।

**५. विधान महाधिवेशनमा प्रतिनिधित्व**

पार्टीको दशौं राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरू पार्टीको विधान महाधिवेशनका प्रतिनिधि हुने वैधानिक व्यवस्था छ । दशौं राष्ट्रिय महाधिवेशनमा सहभागी नभएका र यसबीचमा केन्द्रीय कमिटी र निकायमा मनोनित भएकाहरू आयोजकको हैसियतमा विधान अधिवेशनमा सहभागी हुन पाउने व्यवस्था छ । तसर्थ दशौं राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरू जो विधान अधिवेशनका स्वतः प्रतिनिधि हुनेछन्, तिनीहरू मध्ये यस अवधिमा दिवंगत भएका, कारबाहीमा परेका वा पार्टी परित्याग गरेकाहरूको नाम अभिलेखबाट हटाइने छ । त्यसका लागि केन्द्रीय सचिवालयले दशौं राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरूको सूची अद्यावधिक गर्ने प्रयोजनका लागि प्रदेशमा पठाएको छ । उक्त सूचीमा सम्बन्धित प्रदेश र जिल्लाले हटाउनुपर्ने नाम रहेको भए सोको विवरण कैफियत खोलेर यही महिनाको मसान्तसम्म केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

**६. सम्माननीय पूर्व राष्ट्रपति पार्टी राजनीतिमा संलग्न हुने सन्दर्भ**

लोकतान्त्रिक गणतन्त्र एउटा राजनीतिक प्रणाली मात्र होइन, यो आफैंमा संस्कृति, मूल्य र आचरण पनि हो । हामीले अवलम्बन गर्ने अभ्यास, अनुकरण गर्ने शैली र स्थापित गर्ने मान्यताहरूले यसलाई समग्र पद्धतिको रूपमा विकास गर्दै लैजान्छन् । डेढ दशक अगाडि मात्रै स्थापना गरिएको लोकतान्त्रिक गणतन्त्रलाई समग्र प्रणाली र राष्ट्रको जीवनका रूपमा स्थापित गर्न हामीले तदनुरूप सचेतना र संयमका साथ काम गर्दै जानुपर्छ ।

नेपालको संविधानले राष्ट्रपतिलाई राष्ट्रिय एकताको प्रतीक, संविधानको संरक्षक, पालनकर्ता र नेपाली सेनाको परमाधिपतिजस्ता गुरूत्तर दायित्व सुम्पिएको छ । यो भूमिका आफैंमा अत्यन्त सम्मानित, गरिमायुक्त र ऐतिहासिक महत्वको छ । राष्ट्रपति संस्थाको यही गरिमामय ओहदालाई ध्यानमा राखेर त्यस जिम्मेवारीमा निर्वाचित हुने व्यक्ति आफ्नो दलीय या अन्य संस्थागत आबद्धताबाट पूर्ण रूपमा मुक्त भएर निष्पक्ष भूमिकामा रहने र पदमा रहँदा संवैधानिक सीमाभित्र रहेर काम गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । संवैधानिक राष्ट्राध्यक्षको व्यवस्था रहेको हाम्रो लोकतान्त्रिक प्रणाली कार्यकारी प्रमुखका रूपमा राष्ट्रपति रहने मुलुकको प्रबन्धभन्दा भिन्न रहेको स्पष्ट छ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

यस्तो गरिमामय भूमिकामा रहेको राष्ट्राध्यक्षले पदीय जिम्मेवारीमा रहँदा पनि र त्यसबाट अवकाश प्राप्त गरिसकेपछि पनि आफ्नो दलीय आबद्धतामा फर्किने विषय नेपालको संविधानले परिकल्पना गरेको देखिँदैन । यसो गर्दा राष्ट्रपतिले पदीय जिम्मेवारीमा रहँदा सम्पादन गरेका कामहरू विवादित हुन सक्छन् । भविष्यको कुनै आश या त्रासमा रहेर कार्यसम्पादन गरियो भने त्यसको विश्वसनीयतामाथि प्रश्न उठ्ने स्थिति उत्पन्न हुन जान्छ भन्ने कुरामा हामी सबै सजग बन्नैपर्छ । गणतन्त्र नेपालका प्रथम राष्ट्रपतिले यस सन्दर्भमा स्थापना गर्नुभएको दृष्टान्त यहाँनिर स्मरणीय छ ।

मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापित गर्न सात दशकभन्दा बढी समय बलिदानी सङ्घर्षको अग्रमोर्चामा रहेको र नेपालको संविधान निर्माणमा नेतृत्वदायी र निर्णायक भूमिका खेलेको नेकपा (एमाले) यस प्रणालीलाई रक्षा, विकास र सुदृढ गर्न दृढ सङ्कल्पित छ ।

सम्माननीय पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी नेपाली राजनीतिमा एकजना सम्मानित नाम हो । हिजो आफ्नो पार्टीको केन्द्रीय नेतृत्वमा र उपाध्यक्षको ओहदामा रहँदा होस् या सम्मानित राष्ट्रपतिको जिम्मेवारीमा रहँदा, उहाँले अत्यन्त गरिमामय ढङ्गले ती ओहदाहरूलाई उचित, न्याय र उत्कृष्ट कार्य सम्पादन गर्नुभएको छ । नेपालमा लैङ्गिक समानता र समावेशिताको 'आइकन'का रूपमा रहनुभएको उहाँलाई उहाँका यिनै योगदानका कारण गतः वर्ष नेपाल कम्युनिष्ट पार्टीको हीरक वर्ष समारोहमा 'गणतन्त्र गौरव'का रूपमा सम्मान गरेको सन्दर्भ यहाँनिर स्मरणीय छ । पार्टी नेताका रूपमा रहँदा होस् या मुलुकको राष्ट्राध्यक्ष रहँदा र त्यसबाट अवकाश प्राप्त गर्दा, उहाँ हाम्रा निम्ति सधै सम्मानित रहँदै आउनुभएको छ ।

यिनै पृष्ठभूमि, सन्दर्भ र मान्यतालाई ध्यानमा राखेर केन्द्रीय कमिटी संवैधानिक राष्ट्रपति, उपराष्ट्रपतिजस्ता उच्च संवैधानिक ओहदामा पुगिसकेको व्यक्ति दलीय राजनीतिमा फर्किने विषय संविधानको मर्म अनुकूल नहुने, यसले पदमा बहाल रहँदा गरेका कामहरूको संवैधानिकता र निष्पक्षतामाथि प्रश्न उठ्ने, लोकतान्त्रिक मूल्यहरूलाई कमजोर गर्ने र व्यक्ति स्वयम्को सम्मानित व्यक्तित्वलाई विवादित बनाउने काम गर्नुहुँदैन भन्ने मान्यतामा उभिनुपर्ने हुन्छ । पार्टीको नवौं केन्द्रीय कमिटीको बैठकले उपरोक्त मान्यताका आधारमा सम्माननीय पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीका सम्वन्धमा निम्नानुसारको निर्णय गरेको छः

"सम्माननीय पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी राष्ट्रकै गौरवका रूपमा सम्मानित भएर बस्नु पर्दछ । सक्रिय राजनीतिमा आउनु हुन्न । सिंगै राष्ट्रको नेता भएको व्यक्तिलाई नेकपा (एमाले)ले कार्यकर्ता बनाउनु हुँदैन । अध्यक्ष भए पनि कार्यकर्ता हो । यहाँ आउनु हुँदैन । पूर्व राष्ट्रपति सम्मानपूर्वक राष्ट्रको गणतन्त्रको गौरव भएर बस्नुहोस् । उहाँ राष्ट्रको गहना हो । हाम्रो पनि गहना हो ।

उहाँको सदस्यता नवीकरणको प्रक्रिया मिलेन, सदर हुँदैन । विधानको धारा ८ अनुसार हुन्छ ।"



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

### ७. लोकतान्त्रिक गणतन्त्रका पक्षमा जनजागरण

पूर्वराजा ज्ञानेन्द्र शाहले २०८१ फाल्गुन ७ को सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाका विरूद्धमा दिएको वक्तव्य र त्यसपछि राजावादीका नाममा संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रका विरूद्धका प्रतिगामी क्रियाकलापका विरूद्धमा हाम्रो पार्टीले सुरूदेखि नै आवश्यक सजगता अपनाउँदै आएको छ । लोकतान्त्रिक गणतन्त्रका पक्षमा समयमै पार्टीले जनजागरण अभियान सञ्चालन गर्ने निर्णय गऱ्यो । पार्टीले वडाकेन्द्रित अभियान चलाइरहेको समयमा वडा तहदेखि नै लोकतान्त्रिक गणतन्त्रका पक्षमा जागरण अभियान सञ्चालन गऱ्यो । पार्टीले जागरण अभियान सुरू गरेकै समयमा २०८१ चैत १५ गतेका दिन राजावादीहरूले काठमाडौँको तीनकुनेमा गरेको हत्या, हिंसा, तोडफोड, आगजनी र लुटपाटका जघन्य अपराधका घटनाले उनीहरूको असली चरित्र उदांगो बनायो । त्यस घटनाको लगत्तै पार्टीले जिल्ला सदरमुकामहरूमा जुलुस तथा मोटरसाईकल ऱ्यालीको आयोजना गऱ्यो । काठमाडौँ उपत्यकालगायत देशमा प्रमुख शहरहरूमा आयोजना गरिएको मोटरसाईकल ऱ्याली निकै प्रभावकारी रहे । जसले प्रतिक्रियावादीहरूको मनोबल निकै हदसम्म खस्काउने काम गऱ्यो । सातै प्रदेशका प्रमुख केन्द्रहरूमा जनसभाको आयोजना गरेर पार्टीको शीर्ष नेतृत्वको सहभागितामा प्रतिगमनकारी क्रियाकलापका विरूद्धमा खबरदारी गर्ने काम गरियो । कतिपय व्यक्तिहरूले सत्ताको नेतृत्व गरिरहेको पार्टी सडकमा गएको भनेर आलोचना गरे पनि लोकतान्त्रिक गणतन्त्रको रक्षाका पक्षमा नेकपा (एमाले) दृढ र प्रतिबद्ध छ भन्ने सन्देश दिन पार्टी सफल भयो ।

चैत १५ गतेका दिनको आपराधिक घटनाबाट नांगिएपछि उनीहरूको मनोबल एकहदसम्म खस्किएको भए पनि उनीहरू पुनः नयाँ शिराबाट आफ्नो गतिविधि अघि बढाउन सक्रिय रहेको अवस्थामा लोकतान्त्रिक गणतन्त्रका पक्षधर जनताको मनोबल उठाउने उद्देश्यले पार्टीले वैशाख ११ गते जनताले जितेको ऐतिहासिक दिनका अवसरमा युवा सेलिब्रेसनको आयोजना गऱ्यो । काठमाडौँको भृकुटीमण्डपमा आयोजना गरिएको ४० वर्ष मुनिका युवालक्षित कार्यक्रम अत्यन्त प्रभावकारी रह्यो । उक्त कार्यक्रमका वक्ताहरू पार्टी अध्यक्ष र महासचिवबाहेक अन्य सबै संचालक र वक्ताहरू ४० वर्ष मुनिका युवा रहेका थिए । उक्त कार्यक्रमको सफलताले युवाहरूका बीचमा पार्टीको प्रतिष्ठा र प्रभाव विस्तार भएको छ । लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि युवाहरू सजग र प्रतिवद्ध छन् भन्ने सन्देश दिने काम भएको छ ।

राजावादीहरूले २०८२ जेठ १५ को गणतन्त्र दिवसकै दिन राजतन्त्र पुनःस्थापनाका नाममा अनिश्चितकालीन आन्दोलन घोषणा गरेको अवस्थामा जेठ ११ मा बसेको सचिवालयको ५०औं बैठकले गणतन्त्र दिवसलाई जनस्तरमा मनाउने निर्णय गऱ्यो । पार्टीको उक्त निर्णयअनुरूप देशव्यापीरूपमा गणतन्त्र दिवसका अवसरमा विविध कार्यक्रमहरू आयोजना भए । काठमाडौँ उपत्यकामा साँस्कृतिक झाँकीसहितको विशेष कार्यक्रमको

आयोजना गरियो । पार्टीका यस प्रकारका कार्यक्रम र गतिविधिबाट राजावादीहरूका प्रतिगमनकारी हर्कत र अनिश्चितकालीन आन्दोलन निस्प्रभावी बन्न पुग्यो । भविष्यमा पुनः राजावादीहरूले लोकतान्त्रिक गणतन्त्रका विरूद्धमा अवाञ्छित गतिविधि गर्न नपाउन् भन्ने कुरामा पार्टीपंक्ति सजक हुनु आवश्यक छ ।

**८. जनसंगठन समन्वयको निर्देशिकामा संशोधन**

केन्द्रीय सचिवालयको ४५औं बैठकले जनसंगठन समन्वयको निर्देशिकामा निम्नानुसारको संशोधन गर्ने निर्णय गरेको छः

जनसंगठन समन्वय संयन्त्र, संयन्त्रमात्र भएकाले संयोजकबाहेक अन्य पदहरू सिर्जना नगर्ने । तर संयोजकले आवश्यकताका आधारमा कुनै सदस्यलाई सचिवका रूपमा काम गर्ने गरी जिम्मेवारी तोक्न सक्ने ।

अनुसूची १ र २ मा उल्लेखित जनसंगठनहरूको केन्द्रीय कमिटीको अधिकतम् संख्या क्रमशः १५१ र ९९ मा सीमित गर्ने ।

जनसंगठनको हालको अधिकतम् १७ पदाधिकारीको संख्या घटाई ९ मा सीमित गर्ने । जसमा अध्यक्ष र महासचिवका अतिरिक्त महिला उपाध्यक्षसहित २, उपमहासचिव १ र सचिवमा संगठन, प्रचार तथा प्रकाशन, विदेश र कोषको जिम्मेवारी तोकेर ४ मा सीमित गर्ने ।

केन्द्रमा सचिवालय र केन्द्रीय कमिटीको बीचमा अन्य कुनै तह नराख्ने ।

निर्देशिकामा संशोधन गरिएपछि पार्टीसम्बद्ध १६ वटा जनसंगठनका अधिवेशनहरू सफलतापूर्वक सम्पन्न भएका छन् । अनेरास्ववियुलाई विद्यार्थी समुदायमा केन्द्रित गर्ने गरी ३२ वर्षे उमेरहदको व्यवस्था लागू गरिएको छ । यसबाट पार्टीसम्बद्ध जनसंगठनका माध्यमबाट 'मिसन ८४' को सफलताका लागि जनआधार विस्तारमा महत्वपूर्ण सफलता प्राप्त हुने विश्वास गरिएको छ ।

**९. कारबाही फुकुवा**

स्थायी कमिटीका सदस्य विन्दा पाण्डे र केन्द्रीय कमिटी सदस्य उषाकिरण तिम्सिनाले पार्टीबाट सोधिएको स्पष्टीकरण चित्तबुझ्दो नभएकोले उहाँहरू दुवैलाई पद एवं जिम्मेवारीबाट ६/६ निलम्बन गर्ने निर्णय गरेकोमा उक्त अवधि पुरा भएकोले केन्द्रीय सचिवालयको ५३औं बैठकले उहाँहरू दुवैलाई गरिएको निलम्बनको कारबाही फुकुवा गर्ने निर्णय गरेको छ । उहाँहरू दुवैजना पार्टीले प्रदान गरेको पूर्व जिम्मेवारीमा विधिसम्मत रूपमा क्रियाशील हुनुहुने विश्वास पार्टीले लिएको छ ।

**१०. कम्युनिष्ट योद्धा सम्मान**

सचिवालयको ४८औं बैठकबाट २०८२, वैशाख ९ गतेका दिन पार्टी स्थापना दिवसको अवसरमा निम्न कमरेडहरूलाई कम्युनिष्ट योद्धा सम्मानबाट सम्मानित गर्ने निर्णय गऱ्योः

- **सुदुरपश्चिम प्रदेशः** लालबहादुर विश्वकर्मा,



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- **कर्णाली प्रदेशः** रत्न शर्मा न्यौपाने (मरणोपरान्त)
- **लुम्बिनी प्रदेशः** शोभाराम बस्नेत र शान्ता मानवी,
- **गण्डकी प्रदेश** : वाचस्पती देवकोटा
- **मधेस प्रदेशः** सत्यनारायण मण्डल
- **कोशी प्रदेशः** हरिचरण सिवाकोटी ।

नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहलमा वैशाख ९ मा आयोजित पार्टी स्थापना दिवसको विशेष समारोहमा सम्मानित कमरेडहरूलाई सम्मान-पत्रसहित सम्मानित गरिएको छ । स्थानीय कमिटीहरूले पनि आफ्नो तहमा यस प्रकारको सम्मान कार्यक्रम गर्नुपर्दछ ।

**११. प्रदेश कमिटी र विभागमा मनोनय**

केन्द्रीय सचिवालयको ४५औं बैठकले सुदूरपश्चिम प्रदेश र ४६औं बैठकले लुम्बिनी प्रदेशबाट अनुमोदनका लागि प्राप्त प्रस्तावहरू अनुमोदन गरिएको छ । अनुमोदन गरिएका प्रदेश कमिटीका सदस्यहरूको नाम यसप्रकार छः

**क) सुदुरपश्चिम प्रदेश**

१ जयचन्द स्वार- अछाम
२ रामबहादुर बुढा- अछाम
३ नन्दसिंह कठायत- अछाम
४ अमर विक - अछाम

**ख) लुम्बिनी प्रदेश**

१ टिका सम्सेली- बर्दिया
२ भुमिसरा धिताल- बाँके
३ कृष्ण भुषाल- दाङ
४ गोविन्द आचार्य- दाङ
५ बृहस्पती श्रेष्ठ- दाङ
६ धनबहादुर रायमाझी- प्युठान
७ तुलसीराम शर्मा- प्युठान
८ भावना बुढाथोकी- रूकुम पूर्व
९ ईश्वरा पोखरेल- अर्घाखाँची
१० सरोज भुषाल- अर्घाखाँची
११ सावित्रा आचार्य- गुल्मी

१२ चिन्तामणी पाण्डे- गुल्मी
१३ चेतन बस्नेत- गुल्मी
१४ विश्राम चौधरी- कपिलबस्तु
१५ नारायणबहादुर जिसी- पाल्पा
१६ नारायण आचार्य- पाल्पा
१७ युवराज घिमिरे- रूपन्देही
१८ मधुकला कुँवर- रूपन्देही
१९ जोगलाल विक- रूपन्देही

**लुम्बिनी प्रदेश, पार्टी प्रवेशबाट**

१ राममोहन चौधरी- बर्दिया
२ रामकुमार दीक्षित- बाँके
३ रामकुमार गैरे- दाङ
४ पुरणबहादुर गुरूङ- प्युठान
५ गंगाराम बुढा- अर्घाखाँची
६ सिद्धिप्रसाद भुषाल- अर्घाखाँची
७ अव्दुलरहमान खान- रूपन्देही
८ लङ्कबहादुर हमाल- कपिलबस्तु
९ भगवानदास चौधरी- कपिलवबस्तु ।

**ग) विभागको सचिव मनोनयन:**

केन्द्रीय सचिवालयको ४५औं बैठकले स्थानीय विकास विभागको सचिवमा कमरेड नवराज गेलाललाई मनोनयन गरेको छ ।

**१२. समसामयिक प्रस्ताव**

केन्द्रीय कमिटीको बैठकले ७ बुँदे समसामयिक प्रस्तावसहित शोक प्रस्तावसमेत पारित गरेको छ । उक्त प्रस्ताव अनुसूची ३ मा समावेश छ ।

**प्रिय कमरेडहरू,**

यतिबेला हामीहरू २०८२, भदौ २०-२२ मा आयोजना हुने दोस्रो विधान महाधिवेशनको तयारीमा जुटेका छौं । विधान महाधिवेशनमा राजनीतिक प्रतिवेदन, विधान संशोधन प्रस्ताव र संगठनात्मक प्रस्तावलगायतका दस्तावेजमा छलफल गरी पार्टीका नीति, विधि र संगठनात्मक जीवनलाई थप व्यवस्थित गर्नुपर्ने हुन्छ ।

जतिबेला हाम्रो पार्टी चुनौतीलाई सामना गर्दै उपलब्धिका साथ अघि बढिरहेको हुन्छ, त्यतिबेला पार्टीको जीवनलाई खल्बल्याउने कोसिस पनि हुने गरेको हामी पाउँदछौं । नेकपा कालको षडयन्त्रपूर्ण अन्तरसङ्घर्ष र त्यसपछि पार्टीलाई विभाजन गरी कमजोर बनाउन गरिएका षड्यन्त्रहरूलाई सामना गर्दै छोटो समयमा नै हामीले पार्टीलाई जनताको रोजाईको पहिलो पार्टी बनाउन सफल भएका छौ । पार्टी विभाजनको लगत्तै भएका स्थानीय र आमनिर्वाचनका समयमा भएको हाम्रा विरूद्धको गठबन्धन र साठगाँठलाई छिचोलेर पार्टीले हासिल गरेको उक्त सफलता आफैंमा महत्वपूर्ण उपलब्धि हो । राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदको प्रथम बैठकबाट पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्ने पार्टीको संकल्प र योजनालाई अघि बढाइरहेका छौं । मिसन ग्रासरूट, समृद्धिका लागि संकल्प यात्रा र वडाकेन्द्रित अभियानका माध्यमबाट पार्टी जीवनलाई थप व्यवस्थित र सुदृढ बनाउने काम गरेका छौं । पछिल्लो समयमा हाम्रो पार्टीका विरूद्धका हुँदै आएका गठबन्धनलाई भत्काएर मुलुकलाई लोकतान्त्रिक प्रतिस्पर्धाको दिशामा फर्काउने सकारात्मक पहल अघि बढाएका छौं । यस्तो अवस्थामा पार्टी र नेतृत्वका विरूद्धमा नियोजितरूपमा हमला भइरहेको तथ्यप्रति हामी सबै सचेत र जागरूक हुनु आवश्यक छ । हाम्रा सही नीति र हाम्रो सफलता तथा भविष्यको हाम्रो सम्भावनाबाट अत्तालिएकाहरूले नै हाम्रा विरूद्धमा नियोजित हमला गरिरहेका छन् । हाम्रो पार्टीको इतिहास गौरवपूर्ण छ । वर्तमानमा हामी राष्ट्रिय राजनीतिको केन्द्र भागमा छौं र हाम्रो पार्टीको भविष्य अन्य पार्टीको तुलनामा निकै उज्यालो छ । तर हामीले यतिकैमा सन्तोष गरेर बस्नु हुँदैन । अब हाम्रो यात्रा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा र राष्ट्रिय गन्तव्य पुरा गर्ने कुरामा केन्द्रित हुनुपर्दछ । जनप्रतिनिधिमूलक निकायको कामलाई थप प्रभावकारी बनाउन जोड दिनु आवश्यक छ । त्यसका लागि पार्टीलाई बलियो र निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्नुपर्नेछ । 'मिसन ८४' सफल बनाउँदै पार्टीको नेतृत्वमा एकल बहुमतको सरकार निर्माण गर्नुछ । म सम्पूर्ण कमरेडहरूलाई एकताबद्ध रूपमा त्यस दिशातर्फ अग्रसर हुन हार्दिक अनुरोध गर्दछु ।

अभिवादन सहित,

**केपी शर्मा ओली**

**अध्यक्ष**




तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org

Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

अनुसूचि – १

# नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिवादी)

**दोस्रो विधान महाधिवेशन (२०८२ भदौ २०–२२)का लागि विधान संशोधन प्रस्ताव**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को विधान, २०४९ (प्रथम विधान महाधिवेशन, २०७८ र दशौं राष्ट्रिय महाधिवेशन, २०७८ बाट भएको संशोधन सहित)को धारा- १५ को १. मा "केन्द्रीय कमिटीले दुई राष्ट्रिय महाधिवेशनको बीचमा विधान महाधिवेशन आयोजना गर्ने" व्यवस्था गरिएको छ ।

धारा- ८९ को २. मा "केन्द्रीय कमिटीले विधान महाधिवेशन सुरू हुनुभन्दा एक महिना अगावै मातहत कमिटी र सदस्यहरूसमक्ष विधान संशोधनसम्बन्धी प्रस्ताव छलफलका लागि पठाउनुपर्ने" व्यवस्था गरिएको छ ।

धारा- ८९ को ३. मा "विधानमा संशोधन पेश गर्न चाहने प्रदेश वा स्थानीय कमिटी वा सदस्यले केन्द्रीय कमिटीसमक्ष लिखित सुझाव प्रस्तुत गर्नुपर्ने र त्यस्तो सुझावका सम्बन्धमा केन्द्रीय कमिटीले आवश्यक निर्णय गर्ने" व्यवस्था गरिएको छ ।

तसर्थ, यही साउन २ र ३ गते सम्पन्न पोलिट्ब्युरोको निर्णय अनुरूप विधान संशोधनका सम्बन्धमा प्रदेश कमिटी, स्थानीय कमिटी र पार्टी सदस्यहरूबाट लिखित सुझाव प्राप्त गर्न केन्द्रीय कमिटी बैठक समक्ष देहायबमोजिमको प्रस्ताव प्रस्तुत गरिएको छः

**प्रस्तावना**

प्रस्तावनाको चौथो अनुच्छेदमा "समाजवादको आधार निर्माण गर्न र" भन्ने वाक्याँशपछि "नेपाली विशेषतासहितको समाजवाद स्थापना गर्न प्रतिवद्ध छ" भन्ने वाक्याँश थप्ने ।

"समृद्ध नेपाल, सुखी नेपाली" राष्ट्रिय आकाङ्क्षा मात्र नभएर, सचेत र संगठित प्रयासबाट हासिल हुने राष्ट्रिय गन्तव्य पनि हो । तसर्थ, प्रस्तावनाको सातौं अनुच्छेदमा उल्लिखित "समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा" भन्ने वाक्यांशपछि "एवम् राष्ट्रिय गन्तव्य" भन्ने वाक्याँश थप्ने ।

**पार्टी सदस्यता**

पार्टी निर्माणका सम्बन्धमा हामीले "जनआधारित कार्यकर्ता पार्टी"को संगठनात्मक सिद्धान्त अवलम्बन गर्दै आएका छौं । यसले हामीलाई एकातिर पार्टीको जनाधार फराकिलो बनाउन र अर्कोतिर पार्टीको नीति र नेतृत्व निर्माणमा सचेत र संगठित कार्यकर्ताको निर्णायक भूमिका सुनिश्चित गर्न मार्गदर्शन गर्दछ । पार्टीको राजनीतिक कार्यदिशा र संगठनात्मक सिद्धान्त अनुकूल हुनेगरी पार्टी सदस्यको प्रकार, गुणस्तर र भूमिका निर्धारण गर्न दिशानिर्देश गर्दछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

पार्टी सदस्यता सम्बन्धमा हामीसँग फरक-फरक समयको फरक-फरक अनुभव छ । हामीले नवौं राष्ट्रिय महाधिवेशनयता एउटै प्रकारको सदस्यताको व्यवस्था र अभ्यास गर्दै आएका छौं ।

आजसम्मको अभ्यास र अनुभवले पार्टी सदस्यतासम्बन्धी हालको व्यवस्थामा परिवर्तन गर्न र दुई प्रकारको सदस्यताको व्यवस्था गर्न निर्देशित गरेको छ । तदनुरूप पार्टीलाई समर्थन गर्ने र पार्टीको चुनाव चिह्न सूर्यमा मतदान गर्ने नेपाली नागरिकलाई पार्टी सदस्यता प्रदान गर्ने र पार्टीको जनाधार फराकिलो पार्ने व्यवस्था गर्न जरूरी छ । पार्टी सदस्यता प्राप्त गरेर निश्चित समय पार्टी काममा संलग्न भएको र पार्टीको नीति, नेतृत्व र भविष्य निर्माणमा भूमिका खेल्न सक्ने नेपाली नागरिकलाई संगठित सदस्यता प्रदान गर्ने व्यवस्था गर्न जरूरी छ ।

तसर्थ, पार्टी सदस्यताका सम्बन्धमा साविकको व्यवस्थाको सट्टा देहायबमोजिम गर्ने:

**धारा- ४, पार्टी सदस्य**

(क) **पार्टी सदस्य देहायबमोजिम हुनेछन्:**

१. पार्टी सदस्य ।

२. संगठित सदस्य ।

(ख) **देहायको योग्यता भएको नेपाली नागरिक पार्टी सदस्य हुन सक्नेछ:**

१. १८ वर्ष उमेर पुरा भएको ।

२. नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएको ।

३. मानसिक सन्तुलन नगुमेको ।

४. नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसुरमा सजाय भुक्तान गरेको ६ महिनाभन्दा बढी अवधि पूरा गरेको ।

४. पार्टीको नीति, विचारलाई समर्थन गर्ने ।

५. तोकेबमोजिम सदस्यता शुल्क तिर्न तत्पर ।

(ग) **पार्टी सदस्यको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ:**

१. साधारण सभामा सहभागी हुने ।

२. पार्टीको नीति, विचार सुन्ने, बुझ्ने र अध्ययन गर्ने ।

३. पार्टीद्वारा आयोजना हुने सार्वजनिक कार्यक्रमहरूमा सहभागी हुने ।

४. पार्टीको पक्षमा प्रचार-प्रसार गर्ने ।

५. पार्टीको चुनाव चिह्न सूर्यमा मतदान गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**(घ) पार्टी सदस्यता प्राप्त गर्ने प्रक्रिया**

पार्टी सदस्यताका प्राप्त गर्ने प्रक्रिया र सदस्यतासम्बन्धी अन्य व्यवस्था तोकेबमोजिम हुनेछ ।

**धारा– ५, संगठित सदस्य**

**(क) देहायको योग्यता भएको नेपाली नागरिक संगठित सदस्य हुन सक्नेछः**

१. धारा– ४ (ख) बमोजिमको योग्यता पूरा गरेको ।

२. मार्क्सवाद, लेनिनवाद, जनताको बहुदलीय जनवाद र पार्टीको सिद्धान्त, कार्यक्रम तथा नीतिप्रति प्रतिवद्ध भएको ।

३. पार्टी सदस्य वा जनवर्गीय संगठनको सदस्य वा पेसागत संगठनको सदस्य वा सम्पर्क मञ्चको सदस्य भई कम्तीमा एक वर्ष काम गरेको ।

४. पार्टीद्वारा आयोजित राजनीतिक महत्वका र जनसरोकारका कार्यक्रमहरूमा सक्रिय रहेको ।

५. तोकेबमोजिम संगठित सदस्यता शुल्क र लेबी तिर्न तत्पर ।

साविकको धारा– ५, ७, ८, ९ र १० मा पार्टी सदस्यका लागि उल्लिखित व्यवस्थालाई संगठित सदस्यमा लागू हुनेगरी उल्लेख गर्ने र क्रमशः (ख), (ग), (घ), (ङ) र (च) बनाउने ।

पार्टी सदस्यको परिक्षणकालीन अवधि र दायित्व सम्बन्धी साविकको धारा– ६ हटाउने ।

**धारा– ११**

साविकको धारा– ११ को सट्टा "(छ) संगठित सदस्यको अभिलेख, नवीकरण र अन्य व्यवस्था तोकेबमोजिम हुनेछ" भन्ने उल्लेख गर्ने ।

**धारा– १२, पार्टीका केन्द्रीय निकाय**

"**(क) पार्टीका केन्द्रीय निकाय देहायबमोजिम हुनेछन्ः**

१. राष्ट्रिय महाधिवेशन ।

२. विधान महाधिवेशन ।

३. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् ।

४. केन्द्रीय कमिटी ।

५. केन्द्रीय अनुशासन आयोग ।

६. केन्द्रीय लेखा आयोग ।

७. केन्द्रीय निर्वाचन आयोग ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

८. केन्द्रीय सल्लाहकार परिषद् ।

**(ख) केन्द्रीय कमिटीअन्तर्गत देहायबमोजिम तहगत संरचना हुनेछन्ः**

१. पोलिट्ब्युरो

२. स्थायी कमिटी ।

**धारा– १६, केन्द्रीय कमिटी**

प्रभावकारी कार्यविभाजन र नतिजामूलक कार्यसम्पादनका लागि पार्टीमा बहुपदीय व्यवस्था गरिएको हो । तर, केन्द्रीय कमिटीमा पदाधिकारीको संख्या अत्यधिक हुनाले क्षमताको सदुपयोग र उद्देश्यअनुरूपको नतिजा प्राप्त गर्न सकिएको छैन । त्यसैगरी, केन्द्रीय कमिटीको सदस्य संख्या अत्यधिक हुनाले सदस्यहरूका लागि उपयुक्त जिम्मेवारी निर्धारण गर्न र कमिटीको गुणस्तर कायम गर्न सकिएको छैन ।

तसर्थ, धारा– १६ को २ मा उल्लिखित ब्यवस्थाको सट्टा "राष्ट्रिय महाधिवेशनले अध्यक्ष, उपाध्यक्ष– ३, महासचिव, उपमहासचिव– ३, सचिव– ७ समेत २५१ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गर्नेछ । प्रदेश कमिटीका अध्यक्षहरू केन्द्रीय कमिटीका पदेन सदस्य हुनेछन्" भन्ने उल्लेख गर्ने ।

केन्द्रीय कमिटीको निवर्तमान अध्यक्ष स्वतः बरिष्ठ नेता हुने अर्थात अनिर्वाचित व्यक्ति कार्यकारी कमिटीको दोस्रो बरियताको पदाधिकारी हुने लोकतान्त्रिक प्रणालीको मर्मविपरीतको धारा– १६ को ५. हटाउने ।

**धारा– १७, केन्द्रीय कमिटीको अधिकार र कर्तव्य**

एउटै तहमा आवश्यकताभन्दा धेरै संगठनात्मक संरचना निर्माण गर्दा अन्तरपार्टी लोकतन्त्र कमजोर हुन्छ र छरितो एवम् गुणस्तरीय कार्यसम्पादन हुन सक्तैन । केन्द्रीय तहमा विद्यमान केन्द्रीय कमिटी, पोलिट्ब्युरो, स्थायी कमिटी, केन्द्रीय सचिवालय र केन्द्रीय कार्यालयको व्यवस्थाबाट हामीलाई यस्तै अनुभव प्राप्त भएको छ ।

धारा– १७ को २. को सट्टा "पदाधिकरीसहित केन्द्रीय कमिटीका सदस्यहरू मध्येबाट बढीमा एकतिहाई सदस्य रहनेगरी पोलिट्ब्युरोको निर्वाचन गर्ने । अध्यक्षको नेतृत्वमा पदाधिकारीहरू सदस्य रहनेगरी स्थायी कमिटी गठन गर्ने । कमिटीका पदाधिकारी र सदस्यहरूको वरियताक्रम तोक्ने । तोकेबमोजिम केन्द्रीय विभाग, संयन्त्र र कार्यदल गठन गर्ने" भन्ने उल्लेख गर्ने ।

केन्द्रीय सचिवालय तथा केन्द्रीय कार्यालय सम्बन्धी व्यवस्था हटाउने ।

**धारा– १९, स्थायी कमिटीको अधिकार र कर्तव्य**

धारा– १९ को २. को सट्टा "आफूले गरेका निर्णय अनुमोदनका लागि केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने" भन्ने उल्लेख गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**धारा– २१, पदाधिकारी तथा सदस्यको अधिकार र कर्तव्य**

हामीले अवलम्बन गरेको बहुपदीय प्रणाली अध्यक्षले कार्यकारी प्रमुखको हैसियतमा वैचारिक, राजनीतिक तथा संगठनात्मक कामको नेतृत्व गर्ने प्रणाली हो । अध्यक्ष कमिटीप्रति जवाफदेही हुने र अन्य पदाधिकारीहरू अध्यक्ष तथा कमिटीप्रति जवाफदेही प्रणाली हो । यो प्रणाली सामूहिक नेतृत्वको पक्षमा र बहुकेन्द्रको विरूद्धमा छ । तर, पार्टीपंक्तिभित्र छिटफुट रूपमा राजनीतिक र संगठनात्मक कामका लागि फरक-फरक पदाधिकारीलाई मुख्य नेता ठान्ने भ्रमपूर्ण बुझाइ रहेको पाइन्छ । यस्तो बुझाइले पार्टीभित्र द्वैध नेतृत्व र बहुकेन्द्रको गलत मनोविज्ञान निर्माण गर्ने सम्भावना रहन्छ । तसर्थ, धारा– २१ अन्तर्गत उल्लिखित पदाधिकारीहरूको अधिकार र कर्तव्यका सम्बन्धमा देहायबमोजिम थप स्पष्ट गर्नेः

धारा– २१ को १. को (ग) को सट्टा "(ग) राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्मा केन्द्रीय कमिटीको तर्फबाट र केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीमा अध्यक्षको हैसियतले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने । (घ) राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठक बोलाउन महासचिवलाई निर्देशन दिने । बैठकमा कार्यसूची प्रस्ताव गर्ने, बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने, बैठकका निर्णय प्रमाणीकरण गर्ने र अन्तरपार्टी निर्देशन जारी गर्ने" भन्ने उल्लेख गर्ने ।

धारा– २१ को ४. को (क) को सट्टा "अध्यक्षको निर्देशनमा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठक बोलाउने" भन्ने उल्लेख गर्ने ।

धारा– २१ को ४ को (ख) को सट्टा "अध्यक्षको निर्देशनअनुरूप राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का निर्णयहरू कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठकमा प्रस्तुत गर्ने" भन्ने उल्लेख गर्ने ।

धारा– २१ को ४. को (घ) को सट्टा "राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका निर्णय कार्यान्वयन गर्न अध्यक्षलाई सघाउने" भन्ने उल्लेख गर्ने ।

धारा– २१ को (ङ) को सट्टा "केन्द्रीय कार्यालय संचालन गर्ने" भन्ने उल्लेख गर्ने ।

**धारा– २२, केन्द्रीय कार्यालयको अधिकार र कर्तव्य**

धारा– २२ हटाउने ।

**धारा– २३, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्**

धारा– २३ को २. मा "राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा आवश्यकताअनुसार आयोजना गरिनेछ" भन्ने वाक्यांशको सट्टा "राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा सामान्यतया एकपटक आयोजना गरिनेछ" भन्ने उल्लेख गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**धारा– २७, केन्द्रीय सल्लाहकार परिषद**

धारा– २७ को १. को सट्टा "केन्द्रीय कमिटीले अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कुल सदस्य संख्याभन्दा बढी नहुने गरी केन्द्रीय सल्लाहकार परिषद् गठन गर्नेछ । केन्द्रीय सल्लाहकार परिषद् केन्द्रीय कमिटीप्रति उत्तरदायी हुनेछ" भन्ने उल्लेख गर्ने ।

धारा– २७ को २. को सट्टा "केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्य सरह र उपाध्यक्ष, सचिव तथा सदस्यको मर्यादा केन्द्रीय कमिटी सदस्य सरह हुनेछ । अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन" भन्ने उल्लेख गर्ने ।

धारा– २७ को ३. को सट्टा "केन्द्रीय सल्लाहकार परिषद्को अधिकार र कर्तब्य तोकेबमोजिम हुनेछ" भन्ने उल्लेख गर्ने ।

**धारा– २८, पार्टीका प्रदेश तथा स्थानीय कमिटीहरू**

धारा– २८ को "काठमाडौँ उपत्यकामा सम्पर्क समन्वय कमिटी र सो मातहतमा प्रदेश सम्पर्क कमिटी तथा जिल्ला सम्पर्क मञ्च रहनेछन्" भन्ने वाक्यको सट्टा "काठमाडौँ उपत्यकामा सम्पर्क समन्वय कमिटी र सो मातहतमा प्रदेश सम्पर्क कमिटी रहनेछन्" भन्ने वाक्यांश उल्लेख गर्ने । प्रदेश र स्थानीय कमिटीको संगठनात्मक ढाँचा र नामाकरणको १ देखि ४ सम्म देहायबमोजिम संशोधन गर्ने :

१. "प्रदेश कमिटी" पछि "उपत्यका विशेष कमिटी" थप्ने ।

२. "प्रदेश अधिवेशन प्रतिनिधि परिषद्" पछि "उपत्यका विशेष अधिवेशन प्रतिनिधि परिषद्" थप्ने ।

३. "जिल्ला कमिटी" पछि "विशेष जिल्ला कमिटी" थप्ने ।

४. "जिल्ला अधिवेशन प्रतिनिधि परिषद्" पछि "विशेष जिल्ला अधिवेशन प्रतिनिधि परिषद्" थप्ने ।

**धारा– ३१, प्रदेश कमिटी**

धारा– ३१ को २. मा उल्लिखित "उपसचिव– २" को सट्टा "कम्तिमा एक महिलासहित उपसचिव– २" उल्लेख गर्ने ।

धारा– ३१ को ३. को सट्टा "प्रदेश कमिटीको सदस्य संख्या र प्रतिनिधित्वको आधार तोकेबमोजिम हुनेछ" भन्ने उल्लेख गर्ने ।

**धारा– ३२, सल्लाहकार परिषद्को गठन**

धारा– ३२ को ३ को सट्टा "प्रदेश कमिटीले अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कुल सदस्य संख्याभन्दा बढी नहुने गरी प्रदेश सल्लाहकार परिषद् गठन गर्नेछ । प्रदेश सल्लाहकार परिषद् प्रदेश कमिटीप्रति उत्तरदायी हुनेछ । यससम्बन्धी अन्य व्यवस्था तोकेबमोजिम हुनेछ" भन्ने उल्लेख गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**धारा- ३६, जिल्ला कमिटी**

धारा- ३६ को २. मा उल्लिखित "उपसचिव- २" भन्ने वाक्यांशको सट्टा "कम्तीमा एक महिलासहित उपसचिव- २" भन्ने उल्लेख गर्ने ।

धारा- ३६ को ३. को सट्टा "जिल्ला कमिटीको सदस्य संख्या र प्रतिनिधित्वको आधार तोकेबमोजिम हुनेछ" भन्ने उल्लेख गर्ने ।

जिल्ला मातहतका स्थानीय कमिटीका सम्बन्धित धाराहरूमा धारा- ३६ को २ र ३ अनुरूप हुनेगरी संशोधन गर्ने ।

**धारा- ३७, जिल्ला कमिटीका अधिकार र कर्तव्य**

धारा- ३७ को ३ को सट्टा "जिल्ला कमिटीले अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कूल सदस्य संख्याभन्दा बढी नहुने गरी जिल्ला सल्लाहकार परिषद् गठन गर्नेछ । जिल्ला सल्लाहकार परिषद् जिल्ला कमिटीप्रति उत्तरदायी हुनेछ । यससम्बन्धी अन्य व्यवस्था तोकेबमोजिम हुनेछ" भन्ने उल्लेख गर्ने ।

जिल्ला मातहतका स्थानीय कमिटीहरूले समेत यसैअनुरूप सल्लाहकार परिषद् गठन गर्नसक्ने व्यवस्था गर्ने ।

**धारा- ३९ देखि धारा- ४८**

धारा- ३९ देखि धारा- ४८ सम्मको पालिका/इलाका र वडा/शाखा अधिवेशन, कमिटी र अधिकार कर्तब्य सम्बन्धी व्यवस्थालाई समेत जिल्ला अधिवेशन र जिल्ला कमिटीसँग सम्बन्धित व्यवस्थासँग संगतिपूर्ण बनाउने ।

**धारा- ४९, टोल ⁄ प्रारम्भिक अधिवेशन**

धारा- ४९ मा देहायबमोजिम टोल/प्रारम्भिक अधिवेशनसम्बन्धी व्यवस्था उल्लेख गर्ने र क्रमसंख्या मिलाउनेः

"**धारा- ४९ टोल ⁄ प्रारम्भिक अधिवेशन**

१. टोल/प्रारम्भिक कमिटीले सामान्यतया हरेक दुई वर्षमा टोल/प्रारम्भिक अधिवेशन आयोजना गर्नेछ ।

२. टोल/प्रारम्भिक कमिटीको कार्यक्षेत्रअन्तर्गतका सम्पूर्ण संगठित सदस्यहरू टोल/प्रारम्भिक अधिवेशनका प्रतिनिधि हुनेछन् ।

३. पालिकाले परिभाषित गरेको टोल विकास समितिको कार्यक्षेत्रमा आधारित भएर टोल अधिवेशन र तोकेबमोजिमको कायक्षेत्रमा आधारित भएर प्रारम्भिक अधिवेशनको आयोजना हुनेछ ।"

धारा ५० मा देहायबमोजिम उल्लेख गर्ने र क्रम संख्या मिलाउने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

"धारा- ५० टोल/प्रारम्भिक अधिवेशनको अधिकार र कर्तव्य

१. अधिवेशन संचालन गर्न अध्यक्षमण्डल र आवश्यक संरचना गठन गर्ने ।

२. टोल/प्रारम्भिक कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, संगठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी निर्णय गर्ने ।

३. अध्यक्ष, उपाध्यक्ष, सचिव र कम्तीमा एक महिलासहित उपसचिव- २ सहित बढीमा २१ सदस्यीय टोल/प्रारम्भिक कमिटीको निर्वाचन गर्ने ।"

**धारा- ५३, सम्पर्क कमिटी र सम्पर्क मञ्चहरू**

धारा- ५३ को सट्टा "केन्द्रीय कमिटीले काठमाडौँ उपत्यकामा सम्पर्क समन्वय कमिटी गठन गर्नसक्ने छ । सम्पर्क समन्वय कमिटीको मातहतमा प्रदेश सम्पर्क कमिटी, जिल्ला सम्पर्क मञ्च, प्रतिनिधिसभा निर्वाचन क्षेत्र सम्पर्क मञ्च र पालिका सम्पर्क मञ्च रहनेछन् । तर, काठमाडौँ उपत्यका अन्तर्गत मतदाता नामावली भएको व्यक्ति कुनै पनि तहको सम्पर्क कमिटी वा सम्पर्क मञ्चको पदाधिकारी वा सदस्य हुनसक्ने छैन" भन्ने उल्लेख गर्ने ।

**धारा- ५४, सम्पर्क समन्वय कमिटी**

साविकको धारा- ५३ लाई धारा- ५४ बनाउने र धारा- ५४ को १, २ र ३ को सट्टा देहायबमोजिम उल्लेख गर्ने :

"सम्पर्क समन्वय कमिटीको गठन देहायबमोजि हुनेछ :

१. प्रदेश सम्पर्क कमिटीको अध्यक्ष पदेन सदस्य हुनेछ ।

२. तोकेबमोजिम संयोजक, सहसंयोजक, सचिव र सदस्य रहनेछन् ।"

**धारा- ५६, प्रदेश सम्पर्क कमिटीको गठन तथा अधिकार र कर्तव्य**

धारा- ५६ को १. को सट्टा "प्रदेश सम्पर्क अधिवेशनले अध्यक्ष, उपाध्यक्ष, सविच र कम्तीमा एक महिलासहित उपसचिव- २" सहित तोकेबमोजिम प्रदेश सम्पर्क कमिटीको निर्वाचन गर्नेछ" भन्ने उल्लेख गर्ने ।

**धारा- ५८, सम्पर्क मञ्च गठन गर्न सकिने**

धारा- ५८ को १ को सट्टा "देशका विभिन्न भागबाट काठमाडौँ उपत्यकामा आई अस्थायी रूपमा बसोबास गरेका जनसमुदायलाई पार्टीको वरिपरि गोलबन्द गर्न, उनीहरूलाई सम्बन्धित जिल्ला, निर्वाचन क्षेत्र र पालिकाको पार्टी कामसँग जोड्न प्रदेश सम्पर्क कमिटीको मातहतमा तोकेबमोजिम जिल्ला, प्रतिनिधिसभा निर्वाचन क्षेत्र र पालिकास्तरमा सम्पर्क मञ्च गठन गर्न सकिनेछ" भन्ने उल्लेख गर्ने । सोही धाराको २. ३. ४. र ५ हटाउने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**धारा- ५९, निर्वाचन क्षेत्र समन्वय कमिटी**

धारा- ५९ को १ को सट्टा एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचिन क्षेत्र भएको जिल्लामा तोकेबमोजिम प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी र प्रदेशसभा निर्वाचन क्षेत्रमा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी गठन हुनेछ" भन्ने उल्लेख गर्ने । सोही धाराको २. र ३. हटाउने ।

**धारा- ६१, निर्वाचन विधि**

धारा- ६१ को १ मा "सबै तहका कमिटी" पछि "र आयोग" थप्ने ।

**धारा- ६३, उम्मेदवार हुन आवश्यक योग्यता**

धारा- ६३ को ११. पछि देहायबमोजिम थप्ने "१२. सबै तहका कमिटी वा निकायमा पदाधिकारी वा सदस्यका लागि उम्मेदवार हुन चाहने व्यक्तिले आधारभूत वा सोभन्दा माथिल्लो तहको पार्टी स्कुल वा प्रशिक्षण कक्षमा सहभागी भएको हुनुपर्नेछ । तर, कुनै पनि तहको कमिटी वा निकायको वहालवाला पदाधिकारी वा सदस्यलाई कुनै पनि तहको कमिटी वा निकायमा उम्मेदवार हुन उक्त व्यवस्था अनिवार्य हुने छैन ।" सोही धाराको साविकको १२ हटाउने ।

**धारा- ६४, उम्मेदवार हुन नपाउने**

दशौं राष्ट्रिय महाधिवेशनले प्रथम विधान महाधिवेशबाट पारित विधानको धारा- ६४ मा संशोधन गर्दै "सबै तहको कार्यकारी कमिटीको पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनित हुन ७० बर्ष उमेर पूरा नभएको हुनपर्नेछ । तर, ७० बर्ष पूरा नहुँदै निर्वाचित वा मनोनित भएको ब्यक्तिले अर्को महाधिवेशन/अधिवेशन नभएसम्म आफू निर्वाचित वा मनोनित पदमा रही जिम्मेवारी बहन गर्न बाधा पुग्ने छैन" भन्ने ब्यवस्था गरेको थियो । तर, विधानको उक्त व्यवस्थाका सम्बन्धमा २०८० बैशाख २८-३० मा सम्पन्न केन्द्रीय कमिटीको पाचौँ बैठकले "पार्टी विधानमा रहेको ७० बर्षको उमेर हद हाललाई निलम्बन गर्ने" भन्ने निर्णय गऱ्यो । केन्द्रीय कमिटीको उक्त निर्णय समेतलाई दृष्टिगत गर्दै ७० बर्ष उमेर हदका सम्बन्धमा उपयुक्त निष्कर्षमा पुग्न जरूरी छ ।

आन्दोलनको सफल नेतृत्वका लागि योग्यता, अनुभव, योगदान र स्वीकार्यताको निर्णायक भूमिका रहन्छ । ब्यक्तिको उमेर ७० बर्षभन्दा कम भएर पनि यी विशोषताहरू छैनन् भने त्यस्तो ब्यक्तिले आन्दोलनको नेतृत्व गर्न सक्तैन । यी बिशेषताहरूसहित क्रियाशील ब्यक्तिले ७० बर्षभन्दा बढी उमेर भए पनि आन्दोलनको सफल नेतृत्व गर्न सक्तछ । नेपाल र अन्तर्राष्ट्रिय जगतमा यस्ता उदाहरण प्रशस्त छन् ।

दशौं राष्ट्रिय महाधिवेशनबाट बाहिर निस्केको केही महिनामै उमेर हदको वैधानिक व्यवस्था निलम्बन गरेर ७० बर्ष भन्दाबढी उमेरको कमरेडलाई केन्द्रीय कमिटीमा मनोनयन गरेको अनुभव हामीसँग छ । हरेक व्यक्तिको जीवनको उमेरहद र सक्रियताको उमेरहद फरक-फरक हुन्छ । उमेरहदको नाममा योग्य नेताहरूको पंक्तिबाट योग्यतम् नेताको छनोट गर्ने अवसर गुमाउन हुँदैन । योग्यहरू मध्येको योग्यतम् र सक्रिय नेतालाई

नेतृत्वदायी भूमिकाबाट हटाउन वा त्यस्तो भूमिकामा पुग्न नदिन ७० बर्षे उमेर हदको प्रवन्ध गर्नु उचित हुँदैन ।

तसर्थ, "धारा- ६४, उम्मेदवार हुन नपाउने" भन्ने ब्यवस्था हटाउने ।

**धारा- ६५, मनोनयन सम्बन्धी व्यवस्था**

धारा- ६५ को २ को सट्टा "केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोगले महाधिवेशनबाट निर्वाचित सदस्य संख्याको बढीमा १० प्रतिशत सदस्य मनोनित गर्न सक्नेछन्" भन्ने उल्लेख गर्ने ।

**धारा- ६८, पदपूर्ति**

धारा- ६८ को २ मा उल्लिखित "बरिष्ठ उपाध्यक्ष" को सट्टा "पहिलो बरियताको उपाध्यक्ष" भन्ने उल्लेख गर्ने ।

**अनुसूची- १**

अनुसूची- १ मा उल्लिखित पार्टीको झण्डाको हसिया-हथौडाको सेतो रङलाई सुनौलो बनाउने ।

**विविध :**

प्रदेश कमिटी, स्थानीय कमिटी र पार्टी सदस्यहरूबाट प्राप्त हुने उपयुक्त सुझावहरू समेटेर विधान संशोधन प्रस्ताव परिमार्जन गरिनेछ । विधानको सारभूत विषय नछुट्ने गरी संक्षिप्त बनाइनेछ । क्रमसंख्या, भाषा र संगति मिलाइनेछ । दोहोरिएका वा नियमावलीमा व्यवस्था गर्नुपर्ने विषयहरू हटाइने छ ।

*- २०८२ साउन ५ गते*



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

अनुसूचि - २

# संगठनात्मक कामको सामान्य विवरण

१. **बैठकहरू**

राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदको बैठक- १

केन्द्रीय कमिटी बैठक- ९

स्थायी कमिटी बैठक- ३

पोलिटब्युरो बैठक- ४

सचिवालय बैठक- ५४

२. **पार्टी सदस्यता नवीकरण**

दसौं राष्ट्रिय महाधिवेशनयता पार्टी सदस्यता नवीकरणको काम वार्षिक रूपमा सम्पन्न गर्ने नीति अवलम्बन गरिएको छ । महाधिवेशन लगत्तै पार्टी स्थानीय र आमनिर्वाचनमा सहभागी हुनुपरेका कारणले सुरूमा दुई वर्षको नवीकरण गरिएको थियो । तत्पश्चात् एक-एक वर्षमा नवीकरण गर्ने अभ्यास गरिएको छ । केन्द्रीय संगठन विभागबाट सदस्यताको अभिलेख प्रमाणीकरण गरेर मात्र अधिवेशन गर्ने अभ्यास स्थापित गरिएको छ । यस वर्षको सदस्यता नवीकरणको काम असार मसान्तमा सम्पन्न गरिएको छ । संगठन विभागबाट अभिलेख प्रमाणीकरणको काम जारी छ । यस वर्ष सदस्यता नवीकरण र विस्तारमा उल्लेख्य प्रगति भएको छ । यस वर्ष सदस्यता नवीकरण र नयाँ सदस्यता गरी करिब २८ प्रतिशत सदस्यता विस्तार भएको छ ।

३. **अधिवेशनहरूको आयोजना**

दसौँ महाधिवेशनयता प्रदेश कमिटीको अधिवेशन एकपटक र जिल्ला र सोभन्दा तलका अधिवेशनहरू २ पटक सम्पन्न भएका छन् । विधान महाधिवेशन लगत्तै एकैपटक वडा र पालिका अधिवेशन गर्ने योजनाअनुरूप पार्टी अध्यक्षबाट भर्चुअल माध्यमबाट अधिवेशन उद्घाटन गरिएको थियो ।

राष्ट्रिय महाधिवेशन पछि जिल्ला अधिवेशन एकैपटक उद्घाटन गरी आयोजना गरियो । जिल्ला र सोभन्दा तलका अधिवेशनहरू आमरूपमा सहमतिमा सम्पन्न भए । वडा र पालिकाको संरचना नयाँ भएका कारणले सबैतिर प्रथम अधिवेशन आयोजना गरिएको थियो ।

प्रदेश अधिवेशन मिसन ग्रासरूट पछि भौतिक उपस्थितिमा सदस्यता नवीकरण गरी त्यसको प्रमाणीकरण भएको सदस्यताका आधारमा सम्पन्न गरियो । यतिबेला प्रदेश तहका सबै अधिवेशन

सम्पन्न भएका छन् । ७ वटा भौगोलिक प्रदेशमध्ये २ मा सहमति र ५ प्रदेशमा निर्वाचनको विधिबाट अधिवेशन सम्पन्न भएका छन् । उपत्यका विशेषमा सहमतिका आधारमा नेतृत्व चयन भएको छ । भारत प्रवास र बाँकी प्रवासको कामसँग सम्बद्ध प्रवासी नेपाली संघ भारत र प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीका अधिवेशन पनि सम्पन्न भएका छन् ।

जिल्ला तहका सबै कमिटीका अधिवेशन सम्पन्न भएका छन् । दुई तिहाई जिल्ला कमिटीका अधिवेशन चुनावी प्रक्रियाबाट नेतृत्व चयन गरिएको छ । बाँकीमा सहमतिका आधारमा नेतृत्व चयन भएको छ ।

कूल ७५३ पालिकामध्ये ६५३ मा अधिवेशन सम्पन्न भएको छ । जसअन्तर्गत सुदूरपश्चिमका ८८ वटै पालिका अधिवेशन सम्पन्न भएका छन् । कोशीका १३७ मा १, बागमतीका ११९ मा २, गण्डकीका ८५ मा ७, लुम्बिनीका १०९ मा १ र कर्णालीका ७९ मा ३ पालिकाको अधिवेशन बाँकी रहेको छ । मधेस प्रदेशका १३६ पालिकामध्ये ५० पालिकामा मात्र अधिवेशन सम्पन्न भएको अवस्था छ ।

यस अवधिमा मधेस प्रदेशलाई छोडेर अन्य प्रदेशमा ९० प्रतिसत भन्दा वढि वडामा वडा अधिवेशन सम्पन्न भएका छन् । बागमतीका १,१२१ वडामा ३०, कोशीका १,१५७ मा २४५, गण्डकीका ७५९ मा ७४, लुम्बिनीका ९८३ मा ५३, कर्णालीका ७१८ मा ४८ र सुदूरपश्चिमका ७३४ मा ६० वडाका अधिवेशन हुन बाँकी रहेका छन् । मधेस प्रदेशमा भने १,२७१ वडामा ३०० मात्र अधिवेशन भएको रिपोर्ट छ ।

मधेस प्रदेशमा तीन जिल्लाको अधिवेशन यस वर्ष मात्रै सम्पन्न भएको र पालिका तथा वडा अधिवेशन नयाँ सदस्यता नवीकरण पछि गर्ने योजना प्रदेश कमिटीले बनाएका कारणले पनि कम भएको देखिन्छ । यसरी कूल ६,७४३ वडामध्ये ५,३४० वडामा वडा अधिवेशन सम्पन्न भएका छन् । यस अभियानका क्रममा ५० प्रतिशत जति टोलमा टोल अधिवेशन भएको अनुमान छ । विगतको तुलनामा गएको वर्ष अधिवेशनको आयोजनामा उल्लेख्य सफलता प्राप्त भएको छ । तर आधारभूत तहमा पार्टीलाई स्थापित गर्नका लागि अधिवेशन गर्न बाँकी वडा र टोलमा राष्ट्रिय महाधिवेशनअगावै अधिवेशन सम्पन्न गर्ने नीति अवलम्बन गर्नु आवश्यक छ ।

## ४. अभियानहरू

यसबीचको अवधिमा पार्टी केन्द्रको योजनामा तीनवटा अभियानहरू संचालन गरिए । २०७९ को निर्वाचन सम्पन्न भएपछि पार्टीले मिसन ग्रासरूट अभियान संचालन गर्‍यो । उक्त अभियानमा केन्द्रीय कमिटीका सदस्यहरूलाई पालिका तोकेर फरक जिल्लामा खटाइएको थियो । मिसन ग्रासरूट सम्पन्न भएपछि समृद्धिका लागि संकल्प यात्रा झुलाघाट-चिवाभन्ज्याङ यात्रा सम्पन्न गरिएको थियो । जसले राष्ट्रिय राजनीतिलाई नै सकारात्मक प्रभाव छोड्न सफल भएको थियो । गएको वर्षको अन्त्यतिर पार्टीले वडाकेन्द्रित अभियान संचालन गरेको थियो । वडाकेन्द्रित अभियानको अन्त्यतिर प्रतिगामी



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

क्रियाकलापका विरूद्धमा पार्टीले जनजागरण कार्यक्रम संचालन गर्नुपर्‍यो । सो क्रममा वडा, जिल्ला, प्रादेशिक र केन्द्रीय तहका कार्यक्रम समेत आयोजना गरिए । त्यसबाट अभियान केहीहदसम्म प्रभावित बन्न पुग्यो । यी अभियानहरूवाट पार्टी कमिटी र पार्टीपंक्तिको क्रियाशीलतामा बृद्धि भएको छ । वार्षिक रूपमा सदस्यता नवीकरण गर्ने वैधानिक व्यवस्थालाई स्थापित गरिएको छ । अधिवेशनहरू समयमा आयोजना गर्ने स्थिति बसाल्न सहयोग पुगेको छ ।

**५. वार्षिक कार्ययोजना र कार्यविभाजन**

सुरूको वर्ष मिसन ग्रासरूटका रूपमा नै वार्षिक कार्ययोजना अघि बढाउने काम गरिएको थियो । तत्पश्चात् पार्टीले दुईवटा वार्षिक कार्ययोजना तयार गरी लागु गरेको छ । वार्षिक कार्ययोजनाबाट योजनाबद्ध रूपमा काम अघि बढाउने अभ्यास अघि बढेको छ । वार्षिक कार्ययोजनालाई अझै प्रभावकारी बनाउन भने सकिएको छैन ।

दसौं राष्ट्रिय महाधिवेशनयताको कार्यविभाजनका सन्दर्भमा तीन प्रकारका अभ्यास र अनुभव हामीले हासिल गरेका छौं । कार्यविभाजन गर्दा भुगोल र गैरभुगोल गरी दुई प्रकारका कामका क्षेत्रमा कार्यशक्ति विन्यास गर्ने गरिएको छ । राजकीय जिम्मेवारीमा जाँदा सामन्यतया त्यहींको काममा केन्द्रित गर्ने गरिएको छ । पहिलो पटक मूलतः सम्बन्धित भुगोलमा इञ्चार्ज र सहइञ्चार्जका रूपमा जिम्मेवारी तोक्ने काम भयो । फाँट र विभागमा पनि सहइञ्चार्ज र उपप्रमुखको जिम्मेवारी तोक्ने काम गरिएको थियो । त्यसो गर्दा सहइञ्चार्ज र उपप्रमुखको भूमिकाको उपेक्षा भएको गुनासो सुनियो । त्यसपछि प्रदेश र जिल्ला इञ्चार्ज फरक भुगोलबाट खटाउने र अन्यको हकमा सोही प्रदेशअन्तर्गत तर फरक भुगोलमा खटाउने काम भयो । यस प्रकारको कामले संगठनात्मक क्षेत्रका कमजोरी र अन्तरविरोध पहिचान गर्न सहज भयो । काममा पनि एकहदसम्म नयाँपन पनि देखिएको थियो । तर संसदीय कार्यदिशाका परिप्रेक्षमा त्यसलाई निरन्तरता दिने अवस्था रहेन । पछिल्लो समय मिसन ०८४ लाई केन्द्रबिन्दुमा राखेर कार्यविभाजन गरिएको छ । केन्द्रीय सदस्यलाई जिल्लाका अतिरिक्त प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन क्षेत्रमा परिचालन गरिएको छ । केन्द्रलाई प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन क्षेत्र, प्रदेशलाई पालिका र जिल्लालाई वडाको काममा केन्द्रित गरी कार्यविन्यास गरिएको छ ।

**६. विभागीय काम**

पार्टीमा ३३ केन्द्रीय विभाग र २ वटा समन्वय संयन्त्र रहेका छन् । दसौँ महाधिवेशनयता विभागीय काममा उल्लेख्य प्रगति भएको छ । पार्टीको चुनावी घोषणापत्रको तयारी र पार्टी सरकारमा जाँदा सरकारका नीति तथा कार्यक्रममा विभागका तर्फबाट सुझाव तयार गरी उपलब्ध गराउने गरिएको छ । पार्टीसम्बद्ध विभागहरूले पार्टीका कामलाई व्यवस्थित गर्न प्रत्यक्ष र परोक्षरूपमा भूमिका खेलिरहेका छन् । त्यसमा संगठन विभाग र पार्टी स्कुल विभाग विशेष रहेका छन् । अधिकांश विभागको काम सन्तोषजनक छ । केही विभागहरूको काम भने निकै कमजोर देखिन्छ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

७. **पार्टीसम्बद्ध जनसंगठनको काम:**

जनसंगठन समन्वय संयन्त्र बनाएर जनसंगठनको कामलाई निकै हदसम्म व्यवस्थित गरिएको छ । पार्टीसम्बद्ध २३ वटै जनसंगठनको अधिवेशन दशौँ राष्ट्रिय महाधिवेशनपश्चात् सम्पन्न गरिए । पार्टीसम्बद्ध जनसंगठनमध्ये १६ वटा जनसंगठनका अधिवेशन नयाँ निर्देशिकाका आधारमा दोस्रोपटक सम्पन्न भएका छन् । बाकी ७ वटा जनसंगठनहरू अर्को अधिवेशनको तयारीमा रहेका छन् । सदस्यता विस्तार र आधारभूत तहमा संगठन विस्तारको काम भने अझै प्रभावकारी हुनसकेको छैन । केन्द्रीय भेला र कार्यशालाको आयोजनाबाट प्रदेश र जिल्ला तहमा समन्वय संयन्त्र बनाएर क्रियाशील बनाउने प्रयास भए पनि त्यो अझै प्रभावकारी हुनसकेको छैन । मिसन '८४ का लागि जनआधार विस्तार गर्न जनसंगठनको कामलाई आधारभूत तहसम्म समुदायआधारित भएर विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ । साथै जनसंगठनबाट बिदा भएका र पार्टीको जिम्मेवारीमा नरहेका कार्यकर्ताहरूलाई भूगोलको काममा जोड्नु आवश्यक छ ।

८. **उपनिर्वाचन:**

आमनिर्वाचन पश्चात् तीनवटा उपनिर्वाचन सम्पन्न भएका छन् । सुरुको निर्वाचनमा चितवन र तनहुँमा राष्ट्रिय स्वतन्त्र पार्टीले चुनाव जितेको थियो । तत्पपश्चात् सम्पन्न भएको ईलाम र बझाङमा भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा दुवै ठाउँमा नेकपा (एमाले)ले विजय हासिल गरेको थियो । स्थानीय तहका लागि भएको उपनिर्वाचनमा नेकपा (एमाले) पहिलेको तुलनामा राम्रो परिणाम ल्याउन सफल भए पनि अपेक्षाअनुरूपको परिणाम भने ल्याउन सकेन । त्यसमाथि पहिले जितेका अधिकांश वडामा जित्न नसक्नु कमजोरीको विषय हो । त्यस प्रकारको अवस्थाप्रति सम्बन्धित तहको पार्टीपंक्ति सचेत हुनु पर्दछ ।

अहिले पुनः उपनिर्वाचनको तयारी गर्नुपर्ने भएको छ । रूपन्देही ३ प्रतिनिधिसभाको निर्वाचनको मिति घोषणा भएको छ । मनाङमा सर्वोच्च अदालतको पूर्ण फैसला आएपछि प्रदेशसभाको निर्वाचन हुने सम्भावना छ । रिक्त रहेका वडामा पनि यसै वर्ष पुनः चुनाव हुने सम्भावना छ । त्यसको तयारीमा योजनाबद्ध रूपमा जुट्नु आवश्यक छ ।

९. **प्रवासको काम:**

भारत प्रवासमा प्रवासी नेपाली संघ र अन्य मुलुकमा प्रवासी नेपाली मञ्चमार्फत पार्टी काम हुने गरेको छ । प्रवासी नेपाली संघले आफ्नो कामलाई राज्य समिति र नगर समिति गठन गरेर विस्तार गर्दै आएको छ । संघ अन्तर्गत युवा र महिलाहरूका बीचमा पनि काम गर्दै आइरहेको छ । भारत बाहेकको प्रवासको काम प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीको नेतृत्वमा हुँदै आएको छ । यसअन्तर्गत महादेश कमिटी र राष्ट्रिय कमिटी रहेका छन् । राष्ट्रिय कमिटीअन्तर्गत श्रमिक, युवा, विद्यार्थी र



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

महिलाहरूका बीचमा काम हुँदै आएको छ । प्रवासको काममा पहिलेको तुलनामा सुधार भएको छ । तर बढ्दो नेपालीहरूको उपस्थितिको सापेक्षतामा अझै विस्तार हुनसकेको छैन ।

**१०. कार्यालय व्यवस्थापन र परिचालनः**

कार्यालय व्यवस्थापनमा जोड दिने नीति लिएपछि प्रदेश र जिल्ला कार्यालयहरू व्यवस्थित बन्दै गएका छन् । अधिकांश जिल्लाहरूले पालिका कार्यालय स्थापना र संचालनका अभ्यासन सुरू गरेका छन् । कतिपय जिल्लामा वडा तहसम्म पनि कार्यालय संचालनको पहल भएको देखिन्छ । मधेस प्रदेशमा जिल्ला पार्टी कार्यालयहरू पहिलेको तुलनामा केही व्यवस्थित भए पनि पालिका तहमा पुग्नसकेको देखिदैन ।

**११. जनप्रतिनिधिमुलक निकायको कामः**

स्थानीय तहमा हामीले चुनाव जितेका ७ वडामा पुनः चुनाव भएकोमा एउटामा मात्र पुनः चुनाव जितेको अवस्थाबाट शिक्षा लिनुपर्ने देखिन्छ । परिणाम पहिलेको भन्दा राम्रो भए पनि पहिले जितेका धेरै ठाउँ गुम्नु राम्रो संकेत होइन । यसप्रति सचेत हुँदै जनप्रतिनिधिमुलक निकायको काममा विशेष ध्यान दिनुपर्ने भएको छ । यस सन्दर्भमा पार्टी केन्द्रीय कार्यालय र स्थानीय विकास विभागको तर्फबाट प्रयास हुँदै आएको छ । निर्वाचन विभागले पनि निर्वाचनको तयारीको कामलाई योजनाबद्ध बनाउने प्रयास गरिरहेको छ ।

**१२. पार्टी प्रवेश र पुराना कार्यकर्ताको व्यवस्थापनः**

पार्टीका पुराना कार्यकर्ता र विभिन्न समयमा पार्टीमा प्रवेश गरेका पार्टी कार्यकर्ताको व्यवस्थापनको काम अझै व्यवस्थित हुनसकेको छैन । पार्टीमा लामो समय काम गरेका र संगठनात्मक कामको जिम्मेवारीमा नरहेका कार्यकर्ताहरूको अभिलेख तयार गर्ने काम पनि हुनसकेको छैन । पार्टी कमिटीहरूलाई छरितो बनाउने सन्दर्भमा थुप्रै कार्यकर्ताहरू जिम्मेवारीविहीन बन्न पुगेका गुनासाहरू सुनिने गरेका छन् । यस्तो विषयमा पार्टीको ध्यान जानु पर्दछ ।

**१३. साझा संघ-संस्थामा पार्टीको उपस्थिति र नेतृत्वः**

आमरूपमा साझा संघ-संस्थामा पार्टीको उपस्थिति र नेतृत्व बढ्दै गएको छ । तर कतिपय पार्टीका पुराना प्रभाव क्षेत्रका उपभोक्ता समिति र व्यवस्थापन समितिमा हाम्रा विरूद्धमा मोर्चाबन्दी हुने र उपरोक्त कारणले नेतृत्व गुमाउने स्थिति पनि देखिन्छ । तर समग्रतामा पछिल्लो अवधिमा साझा संघ-संस्थाहरूमा पार्टीको प्रभाव विस्तार भएको छ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**१४. भर्चुअल माध्यमबाट छलफलः**

केन्द्रीय कार्यालयका तर्फबाट विभिन्न समयमा पार्टीका मातहत कमिटी र जनप्रतिनिधिहरूका बीचमा भर्चुअल माध्यमबाट प्रत्यक्ष छलफल गर्ने गरिएको छ । प्रदेशगत रूपमा केन्द्रीय सदस्यहरूको बीचमा कामका सन्दर्भमा समीक्षात्मक बैठक आयोजना गर्ने गरिएको छ । गएको महिना सबै प्रदेशमा प्रदेशगत रूपमा र प्रवासका हकमा महादेशस्तरमा समेत भुर्चअल बैठक आयोजना गरेर पार्टीको संगठनात्मक स्थितिका बारेमा जानकारी लिने काम भएको छ । यसले पार्टी निर्माणमा सकारात्मक प्रभाव परेको अनुभव गरिएको छ ।

**१५. रिपोर्टिङः**

दशौ महाधिवेशनयता केन्द्रीय सदस्य र मातहतका कमिटीबाट पार्टी कामको रिपोर्ट प्राप्त गर्ने अभ्यास स्थापित गरिएको छ । विधान महाधिवेशनको संगठनात्मक प्रस्तावको तयारीका सिलसिलामा समग्र पार्टी कामको रिपोर्ट आउनु आवश्यक छ । त्यसका लागि प्रदेश र जिल्ला तहका कमिटीहरूलाई रिपोर्टिङको फर्मेट बनाएर पठाउन निर्देशन गरिएको छ । रिपोर्ट प्राप्त भएपछि समग्र पार्टी कामको समीक्षात्मक रिपोर्ट तयार गरिने छ र सोको आधारमा संगठनात्मक प्रस्ताव तयार गरिने जानकारी गराउन चाहन्छु ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**अनुसूचि – ३**

# नेकपा (एमाले) केन्द्रीय कमिटीको नवौं बैठक (५–६ साउन २०८२) बाट पारित प्रस्तावहरू

१. नेकपा (एमाले) र नेपाली काँग्रेस बिच सम्पन्न ७ बुँदे सहमतिको जगमा उभिएर पार्टी अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा बनेको वर्तमान सरकारले भर्खरै एक वर्ष पूरा गरेको छ । अस्थिरताका यावत् प्रयासलाई चिर्दै सरकारले बलियो राजनीतिक स्थायित्वको आधार तयार गरेको छ । राजावादीहरूद्वारा गरिएको प्रतिक्रान्तिको दुष्प्रयासलाई विफल तुल्याइएको छ । महत्वपूर्ण नीतिगत सुधारसहित अर्थतन्त्रलाई लयमा फर्काइएको छ । निजी क्षेत्रमा भरोसा जगाउने र बाह्य लगानी अभिवृद्धि गर्ने काम गरिएको छ । अवरूद्ध विकास निर्माणका कामहरूले गति लिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको पहिलो कार्यकालमा उच्च प्राथमिकताका साथ सुरू गरिएको दैलेखमा पेट्रोलियम पदार्थको उत्खनन निष्कर्षमा पुगेको छ । दैलेखमा नेपालको ५० वर्षसम्मको आवश्यकता पूर्ति गर्न सक्ने मिथेन ग्यास भण्डार रहेको तथ्य सार्वजनिक हुनु निकै उत्साहपूर्ण विषय हो । सरकारले बाह्य सम्बन्धमा थप अनुकूलता सिर्जना गर्दै अन्तर्राष्ट्रिय मञ्चहरूमा राष्ट्रको उपस्थिति, एजेण्डा र भूमिकालाई प्रभावकारी बनाउँदै लगेको छ । सहकारी क्षेत्रका बेथितिहरूलाई सम्बोधन गर्दै बचतकर्ताहरूको बचत फिर्ता गराउने र अनियमिततामा सङ्लग्नहरूलाई कानुनी दायरामा ल्याउने काम पनि अगाडि बढेको छ । हालै श्रमिकहरूको न्यूनतम पारिश्रमिक वृद्धि गरिएको छ ।

केन्द्रीय कमिटीको नवौँ बैठक वर्तमान सत्ता सहकार्यलाई अझ सुदृढ गर्दै सात बुँदे सहमति कार्यान्वयनमा दृढता दोहोर्‍याउन चाहन्छ र सरकारलाई अझ प्रभावकारी एवं गतिका साथ अगाडि बढाउन आह्वान गर्दछ ।

२. भ्रष्टाचार र अनियमितताप्रति निशर्त विरोध एवं सुशासन र विधिको शासनप्रति अविचलित निष्ठा नेकपा (एमाले) को आधारभूत मान्यता रहँदै आएको छ । यसै मान्यतामा उभिएर भ्रष्टाचार विरूद्धका कानुनहरू निर्माण गर्न, नियमनकारी निकायहरूलाई प्रभावकारी बनाउन र समाजमा सुशासनका पक्षमा जनचेतना अभिवृद्धि गर्न पार्टी निरन्तर क्रियाशील रहँदै आएको तथ्य सर्वविदितै छ । सार्वजनिक पदमा रहेका नेता, कार्यकर्ता विरूद्ध गम्भीर कानुनी या नैतिक प्रश्न उठेपछि त्यसको छानबिनका लागि मार्गप्रशस्त गर्ने र छानबिन नसकुञ्जेल जिम्मेवारीबाट बाहिर रहने परम्परा बसाल्ने पार्टी नेकपा (एमाले) नै हो भन्ने कुरा विगतमा हामीले पुष्टि गरिसकेका छौँ । भोलिका दिनमा पनि हामी यसै अनुरूप अगाडि बढ्ने सङ्कल्प यो बैठक पुनः दोहोर्‍याउन चाहन्छ । तर पार्टीले स्थापना गरेको यस मानकलाई बेवास्ता गर्दै अपुष्ट र नियोजित ढङ्गले गरिने भ्रम प्रचारको भने पार्टी दृढ प्रतिवाद गर्दछ ।

३. भोलि साउन ७ गते, ४७ औं पुष्पलाल स्मृति दिवस । ४७ औँ स्मृति दिवसको यस अवसरमा यो बैठक नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव, नेपालको लोकतान्त्रिक आन्दोलनका अविचलित धरोहर, संयुक्त जनआन्दोलनका प्रणेता एवं नेपालको इतिहासको वैज्ञानिक व्याख्याता कमरेड

पुष्पलालप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछ र उहाँको आदर्शलाई पछ्याउँदै नेपाली कम्युनिष्ट आन्दोलनलाई थप सुदृढ, एकताबद्ध र निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गर्ने सङ्कल्प गर्दछ ।

५. मनसुनको मध्यअवस्थामा आइपुग्दा पनि मधेस प्रदेश लगायत कतिपय भूभागमा पर्याप्त वर्षा नभएर सुख्खा बढ्दै गएको, धान रोपाइँ गम्भीर रूपले प्रभावित भएको र पिउने पानीको समेत हाहाकार पर्दै गएको अवस्थाप्रति नेकपा (एमाले) गहिरो चिन्ता व्यक्त गर्दछ । सुख्खाग्रस्त क्षेत्रमा किसानहरूलाई आवश्यकता अनुसार वैकल्पिक बाली लगाउन आवश्यक प्राविधिक सहायता र राहत उपलब्ध गराउन यो बैठक सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ । जलवायु अनुकूलका कार्यक्रमहरूको विस्तार र चुरेको संरक्षण एवं पुनर्भरणका विशेष कार्यक्रमहरू तत्काल कार्यान्वयन गर्दै तराई मधेसको दीर्घकालीन समस्या समाधान गर्न माग गर्दछ ।

६. यस पटक पनि किसानहरूले धान खेतीमा आवश्यक पर्ने रासायनिक मल पर्याप्त मात्रामा पाउन नसकेको गुनासो सुनिएको छ । सरकारले चैते धान खेती वृद्धि गर्न प्रोत्साहन गरे अनुरूप गतः वर्ष धेरै किसानहरूले चैते धान लगाए पनि त्यसको बजार प्रबन्ध हुन नसकेकाले किसानहरू मर्कामा परेको गुनासो पनि देखापरेको छ । त्यसै गरी दुध उत्पादक किसानहरूलाई दुग्ध विकास संस्थान र निजी डेरीहरूले भुक्तान गर्नुपर्ने ३ अर्बभन्दा बढी बक्यौता अझै बाँकी रहेको र यसले किसानहरूलाई निकै मर्कामा पुऱ्याएको यथार्थ पनि सार्वजनिक भएको छ । यो बैठक सरकारले नेपाली किसानहरूले भोग्नुपरेका यी लगायत यावत् समस्याहरूको तदारूकताकासाथ समाधान गर्न, नेपाली किसानहरूको जीवनस्तर माथि उठाउन र खाद्य सुरक्षा प्रत्याभूत गर्न आह्वान गर्दछ ।

७. यही असार २४ गतेको अविरल वर्षा र बाढीले रसुवामा जनधनको ठुलो क्षति पुऱ्याएको छ । बाढी पहिरोले कैयौँ व्यक्तिको ज्यान गएको छ भने कतिपय व्यक्ति अझै पनि वेपत्ता छन् । बाढीले नेपाल र चीनलाई जोड्ने मितेरी पुल बगाउनुका साथै सुख्खा बन्दरगाहमा राखिएका दर्जनौँ गाडी, कन्टेनर र भौतिक संरचनामा समेत अकल्पनीय क्षति पुऱ्याएको छ । केन्द्रीय कमिटीको यो बैठक बाढी पहिरोले पुऱ्याएको यस क्षतिप्रति गहिरो चिन्ता व्यक्त गर्दछ । पीडितहरूलाई राहत र ध्वस्त संरचनाहरूको पुनर्निर्माणका लागि सरकारको ध्यानाकर्षण गर्दछ । मितेरी पुल यथाशीघ्र निर्माणका लागि मित्र राष्ट्रसँग आवश्यक समन्वय र कूटनीतिक पहलका लागि आह्वान गर्दछ ।

८. **शोक प्रस्ताव**

(क) यो बैठक नेकपा (एमाले) केन्द्रीय सल्लाहकार परिषद् सदस्य कमरेड बैकुण्ठनाथ दाहालको गतः असार २३ गते ७१ वर्षको उमेरमा भएको असामयिक निधनको खबरले पार्टी केन्द्रीय कमिटी दुखित भएको छ । २०११ साल चैत २९ गते ओखलढुङ्गामा जन्मिनुभएका र हाल त्रियुगा नगरपालिका, उदयपुरमा स्थायी बसोबास गरिरहनु भएका कमरेड दाहाल लामो समयदेखि मुलुकको वामपन्थी आन्दोलनमा आबद्ध रहँदै आउनु भएको थियो । विगतमा शिक्षण पेशा र कानुन व्यवसायमा समेत सङ्लग्न कमरेड बैकुण्ठ दाहाल विगतमा नेकपा (एमाले)



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

कोशी प्रदेश कमिटी सदस्य हुँदै हाल केन्द्रीय सल्लाहकार परिषद् सदस्यको जिम्मेवारीमा हुनुहुन्थ्यो ।

सङ्घर्षशील, जुझारू, सिद्धान्तनिष्ठ एवं जनसेवी विशेषताका कमरेड दाहालको निधनले उदयपुरको कम्युनिष्ट आन्दोलनमा ठूलो क्षति पुगेको छ । केन्द्रीय कमिटीको यो बैठक कमरेड बैकुण्ठ दाहालप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँकी धर्मपत्नी उषा ढकाल दाहालसहित सम्पूर्ण शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।

(ख) त्यसैगरी केन्द्रीय सल्लाहकार परिषद् सदस्य तथा पर्वत जिल्लाका स्थापित कम्युनिष्ट नेता कमरेड गणेश पौडेलको यही असार ८ गते ८२ वर्षको उमेरमा भएको निधनबाट पार्टी दुखी भएको छ । पर्वत र गण्डकी क्षेत्रकै कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण योगदान गर्नुभएका कमरेड गणेश पौडेलको निधनले त्यहाँको पार्टी काममा क्षति पुगेको छ । केन्द्रीय कमिटीको यो बैठक कमरेड गणेश पौडेलप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा गहिरो समवेदना व्यक्त गर्दछ ।

(ग) नेकपा (एमाले) का तर्फबाट २०४८ सालको निर्वाचनमा बर्दियाबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित पूर्व सांसद तथा हाल प्रदेश सल्लाहकार परिषद्का सदस्य कमरेड खगराज शर्माको हिजो साउन ५ गते भएको निधनबाट पार्टी दुखित भएको छ । २००२ साउनमा कास्की जिल्लाको सल्यानमा जन्मेर २०३८ सालदेखि बर्दिया मधुवनमा बसाइँसराई गर्नुभएका कमरेड खगराज शर्माले बर्दियाको कम्युनिष्ट आन्दोलनमा लामो योगदान गर्नुभएको छ । बर्दियाको पार्टी प्रमुखको समेत भूमिका निर्वाह गर्नुभएका कमरेड खगराज शर्मा विगतमा प्रदेश कमिटीको सदस्य समेत रहनुभएको थियो । केन्द्रीय कमिटीको यो बैठक कमरेड खगराज शर्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु ।

(घ) पार्टी स्थायी कमिटी सदस्य कमरेड लालबाबु पण्डितकी जीवनसँगिनी एवं प्रतिबद्ध पार्टी कार्यकर्ता कमरेड विमला महतको गत जेठ १५ गते भएको असामयिक निधनबाट पार्टी निकै दु:खित भएको छ । केन्द्रीय कमिटी कमरेड विमला महतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै पत्नीवियोगमा पर्नुभएका कमरेड लालबाबु पण्डितलगायत शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।